# जिल्ला विकास समितिको कार्यालय, धनकुटा

## को

# सामाजिक परीक्षण प्रतिवेदन

(आ.व. २०७०/७१)

२०७१ कार्तिक २४ गते ।

# जिल्ला विकास समितिको कार्यालय, धनकुटा

# को

# सामाजिक परीक्षण प्रतिवेदन

आ.ब. २०७०/७१

**सामाजिक परीक्षक**

विदुर सुवेदी
धनकुटा ७, हुलाकटोल
सम्पर्क फोन : ९८५२०६०७९७
इमेल : subedibg@gmail.com

**२०७१ कार्तिक २४ गते ।**

# धनकुटा जिल्लाको नक्सा



# भूमिका तथा आभार

आर्थिक वर्ष २०६८/०६९ देखि जिल्ला विकास समिति धनकुटाले सामाजिक दायित्व पुरा गरे नगरेको सम्वन्धमा सामाजिक परीक्षण गर्न लागि शुरु गरेको थियो । स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ का नियम २०१ (१) बमोजिम स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेका सम्बन्धमा लेखाजोखा गर्नुपर्ने प्रावधान रहेको छ । सामाजिक परीक्षण प्रक्रियालाई व्यवस्थित गर्नका लागि स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय सामाजिक परीक्षण कायविधि २०६७ जारी गरेको छ । सोही कार्यविधिको परिधी भित्र रहेर गरिएको यो परीक्षणले धनकुटा जिल्लाको सामाजिक विकासको अवस्थाको प्रतिनिधित्व गर्दछ । जिल्ला विकास समितिको कार्यालय, विषयगत कार्यालयहरु र साझेदार गैससहरु समेतले एक आर्थिक वर्षमा पुरा गरेको सामाजिक दायित्वको लेखाजोखा र जिल्लाको सामाजिक विकासको सूचकहरुको आधारमा यो परीक्षण भएको छ ।

यो अध्ययन २०७१ साल भदौ र असोज महिनामा सम्पन्न गरिएको हो । परीक्षणको कार्य सम्पन्न गर्न कार्यविधिमा उल्लेख भएका विधिहरुको प्रयोग गरिएको छ । साथै जिल्लास्थित विभिन्न ११ वटा विषयगत कार्यालयहरु र केही गैससहरुको परीक्षण प्रतिवेदन, उक्त प्रतिवेदन जिल्ला स्तरीय वैठकमा प्रस्तुती गरी प्राप्त सुझावहरु समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । प्रतिवेदनमा उल्लेख भएका तथ्यांकहरुको स्रोत सम्वन्धित विषयगत कार्यालयहरु नै हुन् । जसको विवरण प्रतिवेदनमा राखिएको छ ।

जिविसको कार्यालय धनकुटाको सामाजिक परीक्षण गर्नका लागि जिम्मेवारी दिनुहुने जिल्ला विकास समितिको कार्यालय, धनकुटा र स्थानीय विकास अधिकारी श्री गणेशप्रसाद दाहाल, तत्कालिन स्थानीय विकास अधिकारी श्री मुरारी वस्ती र योजना अनुगमन तथा प्रशासकीय अधिकृत श्री राजेन्द्रप्रसाद भट्टराईलाई विशेष धन्यवाद दिनचाहन्छु । सामाजिक परीक्षण कार्यमा महत्वपूर्ण सहयोग गर्नुहुने वरिष्ठ कार्यक्रम अधिकृत श्री सीताराम गौतमलाई धन्यवाद दिन चाहन्छु । यसैगरी जिविसको कार्यालयका अन्य कर्मचारीहरु, विषयगत कार्यालयका प्रमुखहरु तथा अध्ययन कार्यमा सूचना उपलब्ध गराइदिनुहुने महानुभावहरु, गैससका प्रमुख तथा प्रतिनिधिहरु, जिल्ला स्तरीय भेलामा राय सुझाव दिनुहुने राजनीतिक दलका प्रतिनिधिहरु, अन्य विषयगत निकाय तथा गैससका प्रमुख तथा प्रतिनिधिहरु तथा अन्य उपस्थित व्यक्तित्वहरु सबैमा हार्दिक आभार व्यक्त गर्दछु ।

यो प्रतिवेदन जिल्ला विकास समितिको तेस्रो सामाजिक परीक्षण हो । यसमा सुधारका अवसरहरु यद्यपी रहन सक्दछन् । जिल्ला विकास समितिले आगामी दिनमा समेत यस्ता कार्यहरु सम्पादन गर्ने अवसर प्रदान गर्नेछ भन्ने शुभेच्छा व्यक्त गर्दै प्रतिवेदनमा सकारात्मक र सिर्जनात्मक सुझावको अपेक्षा गर्दछु ।

विदुर सुवेदी
सामाजिक परीक्षक

# विषयसूची


| विषयक्रम | | | पेज |
|---|---|---|---|
| जिल्लाको नक्सा | | | ३ |
| भूमिका | | | ४ |
| १. | पृष्ठभूमि | | ६ |
| २. | सामाजिक परीक्षणको उद्देश्य | | ६ |
| ३. | अध्ययन विधि | | ६ |
| ४. | अध्ययनको सीमा | | ७ |
| ५. | बृहत् छलफल कार्यक्रमको विवरण | | ७ |
| ६. | स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण | | ७ |
| | ६.१ | स्थानीय निकायको परिचय | ७ |
| | ६.२ | स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू | ८ |
| | ६.३ | गतवर्षको मुख्य मुख्य उपलब्धिहरू : | ९ |
| | ६.४ | यसवर्षको मुख्य मुख्य सामाजिक उपलब्धिहरू | १३ |
| | ६.५. | सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा | १८ |
| | ६.६. | गत वर्षमा भोगेका समस्याहरू | ३८ |
| | ६.७. | सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव | ३९ |
| ७ | विषयगत कार्यालयहरुको विवरण | | ४० |
| | ७.१. | जिल्ला स्वास्थ्य कार्यालय, धनकुटा | ४० |
| | ७.२ | जिल्ला शिक्षा कार्यालय, धनकुटा | ४५ |
| | ७.३ | महिला तथा वालवालिका कार्यालय | ४९ |
| | ७.४ | जिल्ला विकास समितिको कार्यालय, धनकुटा | ५३ |
| | ७.५ | जिल्ला पशुसेवा कार्यालय | ५९ |
| | ७.६ | जिल्ला कृषि विकास कार्यालय | ६१ |
| | ७.७ | क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, धनकुटा | ६४ |
| | ७.८ | जिल्ला वन कार्यालय, धनकुटा | ६७ |
| | ७.९ | हुसाडेक नेपाल | ६९ |
| | ७.१० | सल्भ नेपाल | ७३ |
| | ७.११ | पर्डेप नेपाल | ७७ |
| ८ | सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु | | ७९ |
| ९ | सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा कमि कमजोरीहरु | | ८० |
| ११. | सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु | | ८१ |
| सन्दर्भ सामग्रीहरु | | | ८३ |
| वृहत छलफलको निर्णय तथा उपस्थिती विवरण | | | |

## १. पृष्ठभूमि

स्थानीय निकायहरुको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले जिल्लाको आर्थिक सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्यांकन गर्ने कार्य सामाजिक परीक्षण हो । स्थानीय निकायहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्वेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्यले स्थानीय निकायलाई सामाजिक दायित्व पुरा गर्न सहयोग गर्दछ । स्थानीय निकायको सामाजिक परीक्षण कार्यलाई व्यवस्थित गर्न स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ जारी गरेको छ । स्थानीय निकाय आर्थिक प्रशासनिक नियमावली २०६४ को नियम २०१ (१) ले सामाजिक परीक्षण सम्वन्धी व्यवस्था गरेकोहुँदा सो को आधारमा कार्यविधि तयार भएको छ । कार्यविधि अनुसार स्थानीय निकायले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरुको आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र सामाजिक परीक्षण गराउनु पर्ने प्रावधान राखेकोछ । सामाजिक परीक्षण सम्पन्न गर्नु जिल्ला विकास समितिको न्यूनतम शर्त समेत भएको हुँदा आफ्नो सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्न यो सामाजिक परीक्षण गरि प्रतिवेदन प्रस्तुत गरिएकोछ ।

## २. सामाजिक परीक्षणको उद्देश्य

सामाजिक परीक्षण्का उद्देश्यहरु निम्न अनुसार रहेकाछन् ।

- स्थानीय निकायले प्रचलित ऐन, नियमावली, निर्देशिका र कार्यविधि अनुसार समावेशी र समतामुलक विकासका लागि उपयुक्त नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने साथै लक्षित समुहलाई ध्यान दिई सेवा प्रवाह गर्ने दायित्व पुरा भए नभएको अध्ययन गर्नु ।
- स्थानीय निकायले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोखा गरी प्रतिवेदन मार्फत आवश्यक सुझाव प्रस्तुत गर्नु ।

## ३. अध्ययन विधि

सामाजिक परीक्षणको अध्ययन विधि सामाजिक परीक्षण कार्यविधि २०६७ मा उल्लेख भए बमोजिम रहेको छ । मुख्यतः यो परीक्षणको अध्ययन विधि निम्न अनुसार रहेकोछ ।

- स्थानीय निकायका सामाजिक जिम्मेवारी सम्वन्धी नीति नियम, निर्णय र कार्यान्वयन प्रक्रिया र सो सम्वन्धी प्रतिवेदनहरुको अध्ययन
- विषयगत कार्यालयहरुसँग भेटघाट, अन्तरवार्ता र सूचना संकलन
- प्राप्त सूचनाका आधारमा प्रारम्भिक प्रतिवेदन तयारी
- प्रारम्भिक प्रतिवेदनमाथी छलफल, प्रतिक्रिया र सुझाव
- प्राप्त सुझावका आधारमा अन्तिम प्रतिवेदन तयारी

## ४. अध्ययनको सीमा

यो अध्ययन स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को परीधी भित्र रहेको छ । जिल्ला विकास समिति र सामाजिक विकास सँग सम्वन्धित विषयगत कार्यालयहरु यस अध्ययनको विषयक्षेत्रभित्र रहेका छन् । यो अध्ययनले जिल्ला विकास समिति अन्तर्गत भएका सामाजिक विकासका सूचकहरुको प्रतिनिधित्व मात्र गर्दछ । तर समग्र जिल्लाको सामाजिक विकासको प्रस्तुती गरेको छैन ।

## ५. बृहत् छलफल कार्यक्रमको विवरण

क) मिति : २०७१ साल कार्तिक २१ गते ।

ख) स्थान : जिल्ला विकास समितिको सभाकक्ष

ग) समय : दिउसो ११ बजे ।

घ) उपस्थिति संख्या : ४७ जना ।

## ६. स्थानीय निकाय र विषयगत कार्यालय/गैर सरकारी संस्थाको विवरण [1]

### ६.१ स्थानीय निकायको परिचय

- धनकुटा जिल्ला पूर्वाञ्चलको मध्यपहाडी जिल्ला हो । यसको क्षेत्रफल ८८७.७ वर्ग किलोमिटर रहेको छ । पूर्वमा पाँचथर र तेह्रथुम, उत्तरमा संखुवासभा, पश्चिममा भोजपुर र उदयपुर जिल्ला र दक्षिणमा सुनसरी र मोरङ्ग जिल्लाहरु पर्दछन् । समुद्र सतह भन्दा १२० मिटर देखि २७०२ मिटरको उचाइ सम्म फैलिएको यो जिल्लामा उचाइ अनुसार भिन्न भिन्न (उष्ण, उपोष्ण र शीतोष्ण) हावापानी पाइन्छ । नदीनाला बाहेक जिल्लाको भूवनावट करिब समथर, भिरालो र ज्यादै भिरालो रहेको छ ।
- प्रशासनिक दृष्टिकोणले धनकुटा जिल्ला पूर्वाञ्चल विकास क्षेत्रको सदरमुकाम मानिन्छ । यो जिल्लामा २ वटा निर्वाचन क्षेत्र, ११ वटा इलाका, ३५ वटा गाविस र १ वटा नगरपालिका रहेका छन् । धनकुटा जिल्ला सदरमुकाम प्रशासनिक केन्द्रको रुपमा रहेको छ । सदरमुकामदेखि यहाँका गाविसहरु १६ कोष सम्मको दूरीमा रहेका छन् । नियमित यातायात नभए पनि सुख्खा मौसममा हरेक गाविस छुनेगरी सडक सञ्जाल अन्तर्गत यातायातका साधनहरु पुग्न सक्दछन् ।
- राष्ट्रिय जनगणना २०६८ अनुसार जिल्लामा ३७६३७ घरधुरी रहेको छ । जिल्लाको कूल जनसंख्या १६३४१२ रहेको छ । जसमा महिलाको जनसंख्या ८६८९७ (५३.१८ प्रतिशत) र पुरुषको जनसंख्या ७६५१५ (४६.८२ प्रतिशत) रहेको छ ।

---

[1] सामाजिक परीक्षण कार्यविधि को बुँदा १०.३ सँग सम्वन्धित विवरण । अनुसूची २ बमोजिम ।

- जातीय आधारमा आदिवासी तथा जनजाती ६०.१ %), क्षेत्री र ब्राह्मण २५.७ % दलित ( ७.१४%) रहेको छ । जिल्लामा वहुजातीय, वहुभाषिक र वहुसांस्कृतिक रहेको छ ।
- शारीरिक अवस्थाको आधारमा अपांगता भएको जनसंख्या ३४४५ (महिला १४०८ र पुरुष २०३७) रहेको छ । जसमध्ये पूर्ण अशक्त अपांगता भएको जनसंख्या १४५ रहेको छ भने आंशिक अपांगता भएको जनसंख्या ७५ रहेको छ । जेष्ठ नागरिकको संख्या ५२९७ रहेको छ जसमा दलित ज्येष्ठ नागरिकको संख्या ८०९ रहेको छ । एकल महिलाको जनसंख्या १८७२ रहेको छ ।
- भाषिक आधारमा मातृभाषा बोल्ने घरसंख्या १८५६७ (१०७९१७ जना) रहेको छ । १४ वर्ष मुनीका बालबालिकाको संख्या ५२१९१ (३१ प्रतिशत) रहेको छ ।
- धनकुटा जिल्लामा बाल बिकास केन्द्र ३१०, सामुदायिक विद्यालय ३१२, संस्थागत विद्यालय ४० र मदरसा १ वटा गरी जम्मा ३५३ विद्यालयहरु संचालित छन् ।
- जिल्लामा जम्मा प्रा.वि. २३०, नि.मा.वि. ४७, मा.वि. ४३, उ.मा.वि. ४२ र क्याम्पस ९ वटा रहेका छन् । सामुदायिक तर्फ जिल्लामा २०१ वटा प्रा.वि., ३८ वटा नि.मा.वि., ३४ वटा मा.वि., ३९ वटा उच्च मा.वि. र ७ वटा क्याम्पस रहेका छन् । संस्थागत तर्फ प्रा.वि. १९, नि.मा.वि. ९, मा.वि. ९, उमावि ३ र क्याम्पस २ वटा छन् ।गत वर्ष भन्दा वाल विकास केन्द्र २ वटा, नि.मा.वि. ३ वटा, मा.वि. १ वटा थप भएका छन् । प्राथमिक विद्यालयहरु ५ वटा घटेकाछन् ।
- प्राथमिक तहमा विद्यार्थीहरु जम्मा २२७८३ जना रहेका छन् ।
- जिल्लाको साक्षरता प्रतिशत ८३.९१ प्रतिशत रहेको छ । गत वर्ष यो प्रतिशत ७४.४० रहेको थियो । महिला साक्षरता ८१.६५ प्रतिशत रहेको छ । अघिल्लो वर्ष महिला साक्षरता प्रतिशत ६७.४ देखिएको थियो । २ वटा गाविसहरु पूर्ण साक्षर गाविसको रुपमा घोषणा भइसकेका छन् ।
- जिविसको कार्यालयले दोस्रो आवधिक योजना (२०६९-०७४) निर्माण गरेको छ भने बाँकी वार्षिक योजनाहरु निर्माण गरेको छ ।
- जिविस धनकुटाले आफ्नो दिर्घकालीन सोचको रुपमा ***धनकुटा जिल्लाको समृद्धिः कृषि उत्पादनको अभिवृद्धि, सन्तुलित विकासको आधारस् मानव संशाधन र पूर्वाधार*** भन्ने लिएको छ ।

## ६.२ स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू

जिल्ला विकास समितिको कार्यालय धनकुटाले विकासका लक्ष्य र प्राथमिकताहरु निम्न अनुसार तय गरेको छ ।

- सहभागितात्मक योजना तर्जुमा र दिगो विकास
- दिगो कृषि प्रणाली
- लैंगिक समानता र सामाजिक न्याय
- संस्थागत विकास
- सामाजिक तथा समावेशी विकास
- ग्रामिण पूर्वाधारको स्तरोन्नती
- सुशासन प्रवर्द्धन
- ग्रामिण क्षेत्रको आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकासमा उच्च प्राथमिकता दिंदै पूँजीको निर्माण र परिचालन गर्ने क्रममा ग्रामिण अर्थतन्त्रलाई मजबुत स्वाबलम्बी बनाउने ।
- जिल्लापरिषदमा प्रस्तुत जिल्लाको वार्षिक बजेट विवरण (रु.मा)
    - वन तथा वातावरण समिति ४०६७८५५००
    - सामाजिक विकास समिति : २९३७४३९००
    - आर्थिक विकास समितिः ३३८७४६०००
    - भौतिक पूर्वाधार विकास समिति : ५६८००५०५३
    - संस्थागत श्रोत तथा क्षमता विकास समिति : ०
    - जम्मा : १२४११७३४५०
    - पूँजीगत तर्फ रु ७६७८७४५५० र चालु तर्फ रु. ४७३२९८९०० विनियोजन गरिएकोछ
- जिल्ला विकास समितिको आर्थिक वर्ष २०७०/७१ को यथार्थ आय रु. २४८१४८९०० रहेको छ । आन्तरिक आय रु. १०९०६००० रहेको छ । जसमध्ये खर्च रु. २३५०९०४०० रहेको छ । लक्षित तथा प्रवर्द्धनात्मक विकास कार्यक्रममा ५१६०९४२ खर्च भएको छ ।
- सामाजिक विकास समिति अन्तर्गतको बजेट २३.६७ प्रतिशत रहेको छ । जुन बजेट अघिल्लो वर्ष प्रस्तावित भन्दा झण्डै २० प्रतिशतले कमी देखिन्छ । अघिल्लो वर्ष कूल बजेटको ४४.२० प्रतिशत रकम सामाजिक विकास तर्फ लक्षित गरिएको थियो ।
- गैससहरुबाट प्रस्तावित बजेट समेत जिल्लाको कूल बजेट रु १९८०४०५३८० देखिन्छ । जसमध्ये गैससहरुबाट प्रस्तावित बजेट रु. ७३९२३१९३० (३७ प्रतिशत) देखिन्छ ।

## ६.३ गतवर्षको मुख्य मुख्य उपलब्धिहरू

आर्थीक वर्ष २०६९/७० मा जिल्ला विकास समिति धनकुटामा निम्न अनुसारका उपलब्धिहरु देखिएका छन् । देखिएका उपलब्धिहरुलाई सामाजिक सूचकका आधारमा निम्न अनुसार प्रस्तुत गरिएकोछ ।

**स्वास्थ्य क्षेत्र :**

- अस्पताल १, प्राथमिक स्वास्थ्य केन्द्र २, स्वास्थ्य चौकी २४, उपस्वास्थ्य चौकी ११ र आयुर्वेद औषधालय २ गरी जम्मा ४० वटा स्थानबाट २३० दरवन्दी मध्ये १८५ जना स्वास्थ्य कर्मीबाट स्वास्थ्य सेवा उपलब्ध भएको ।
- खोपमा पहुंच पुगेको १ वर्ष भन्दा कम उमेरको जनसंख्या ३५६८ जना । ९० प्रतिशत वालवालिकामा खोपको पहुंच पुगेको ।अघिल्लो आ.व.को तुलनामा ८ प्रतिशत उपलब्धी प्रतिशत बढेको देखिएको ।
- २२६२ जनाले ले गर्भवती जाँच गराएको । दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाहरुको २७५ जना रहेको ।
- झाडा पखालाबाट बालबालिकाको मृत्यु भएको नदेखिएको ।
- गत वर्ष भन्दा १६ प्रतिशत वढी (जम्मा ९६ प्रतिशत) जनसंख्याले स्वास्थ्य सेवा लिएको ।

**शिक्षा क्षेत्र**

- विद्यालयमा हाल सम्म ९७.७५ वालबालिको पहुँच पुगेको छ ।
- कक्षा १ मा खुद भर्नादर ३७.०३ प्रतिशत रहेको । प्राथमिक तहमा विद्यालयमा कक्षा छाड्ने दरमा २.१९ प्रतिशतमा कमी आएको ।
- प्राथमिक विद्यालयका ३०९ जना शिक्षकहरुले तालिम प्राप्त गरेका
- विद्यालयमा जम्मा ३५१७ कक्षा कोठा रहेका । प्रति कक्षा कोठा विद्यार्थी संख्या ११.४८ रहेको
- ३५९२ दलित वालवालिकाहरु विद्यालयमा रही छात्रवृति समेत पाएका

**खानेपानी तथा सरसफाई**

- गत आर्थीक वर्षमा १४९८ घरधुरीमा स्वच्छ खानेपानी पुगेको छ । गत वर्षको तुलनामा थप ३.१९ प्रतिशत परिवारमा खानेपानीको पहुंच बढेको छ ।
- जिल्ला विकास समिति मार्फत ७ वटा स्कीमलाई सहयोग गरेको जसअन्तर्गत १५ वटा धारा निर्माण भएको जसबाट १६९० जनसंख्या लाभान्वित रहेका ।
- ५४ प्रतिशत घरपरिवारमा शौचालय सुविधा पुगेको छ । गत वर्षभन्दा यो वर्ष २२ प्रतिशतले उपलब्धी वृद्धि भएको हो । जिल्लालाई सन् २०१४ सम्ममा खुल्ला दिसामुक्त बनाउने लक्ष

लिइएको । जम्मा ५ वटा गा.वि.स.हरु खुल्ला दिसामुक्त घोषणा भएका । हरेक गाविसहरुमा सरसफाई कार्ययोजना २०६९ निर्माण भएकोछ ।

- २७५ वटा प्राथमिक विद्यालयहरुमा स्वच्छ खानेपानी सेवा उपलब्ध छ ।
- २२९७ परिवारमा सुधारिएको चुलो निर्माण भएको । जम्मा ७ वटा गाविसहरु घरभित्रको धुवाँ प्रदुषण मुक्त घोषणा भएका ।

**बालबालिका, महिला तथा समावेशी क्षेत्र**

- वाल पार्श्वचित्र निर्माण कार्यको थालनी भएको ।
- सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ६०६४३.६ हजार रकम वितरण भएको छ । जसमा ज्येष्ठ नागरिक ४९१५ जना, असहाय विधवा १९९४ जना, दलित ज्येष्ठ नागरिकहरु ८५३ जना, पूर्ण अशक्त ३५२ जना, आंशिक अपांग ६९ जना र दलित वालवालिका ११५७ जनाले भत्ता प्राप्त गरेका ।
- जिविसको कार्यालयले सुरक्षा भत्ता पाउनेहरुको नामावली प्रकाशन गरेको ।
- ७७ जनालाई रु. ७५१४० ज्येष्ठ नागरिक स्वास्थ्य उपचार सेवा प्राप्त गरेका ।
- २३१६ जनालाई अपांग परिचय पत्र प्रदान गरिएको ।

**जनचेतना तथा गरिवी निवारण**

- आपतकालीन वाल राहत कोषमा रु. ५३५०० वृद्धि भई रु ९७ हजार पुगेको ।
- महिला हिंसा विरुद्धको १६ दिने अभियानमा नागरिक संस्थाहरु समेतको संलग्नता रहेको । १ वर्षमा जिल्ला स्तरमा १२९ वटा घटना जिल्ला स्तरमा कार्वाहीका लागि आएका ।
- ५७ वटा घटनाहरु निगरानी समूहहरु (पारालीगल) दर्ता भएका मध्ये ५१ वटा घटनाहरु स्थानीय स्तरमा समाधान भएका ।
- विभिन्न विकास योजनाहरुबाट ३० जनाले वार्षीक रोजगारी पाएका । दैनिक ज्यालादारी बापत जिल्ला विकास समितिबाट ५०९९७ जना रोजगारी सिर्जना भएको ।
- स्वरोजगारका प्रयास अन्तर्गत १५ सय भन्दा वढी व्यक्तिले उद्यमशिलता लगायतका सीप विकाससम्वन्धी तालिम प्राप्त गरी ८० जना उद्यमीले उपकरणहरु समेत प्राप्त गरेका ।
- गरिवी निवारणका प्रयासहरु सकारात्मक देखिएका । जिल्लामा दैनिक १४ हजार लिटर दुध विक्रीबाट ५ लाख ४० हजार आम्दानी हुने गरेको । ७० वटा कुखुरा फर्महरुबाट २०० देखि २००० सम्म कुखुराको कारोबार भइरहेको । पशु व्यवसायबाट दैनिक रु ६३४ हजारको कारोबार भइरहेको ।
- १२३०० महिलाहरुलाई वचत तथा ऋण कार्यक्रममा सहभागी गराई जीविकोपार्जनमा सहयोग पुऱ्याइएको ।

- सामाजिक परिचालन अन्तर्गत प्रत्यक्षत : विपन्न समुदायका १०८२ परिवार लाभान्वित भएकाछन् । वडा नागरिक मंच मार्फत ७९३८ जना सहभागी रहेका ।
- महिला विकास कार्यक्रम अन्तर्गत ७३० समूह, ८९ समित र ४ वटा संस्था तथा र महिला जागृति कार्यक्रम अन्तर्गत १९४ समूह र ८ संस्था क्रियाशिल रहेकाछन् । ती समूहको हालसम्मको बचत रकम रु. ९१६८२८१ रहेको छ ।
- जिल्ला वातावरण पार्श्व चित्र तयार भएको ।
- जलवायु परिवर्तनको प्रभावसँग जुध्न अनुकूल हुनेगरी २४ वटा सामुदायिक वनको कार्ययोजना पुनरावलोकन गरिएको ।
- वातावरण संरक्षणका लागि नर्सरी स्थापनामा जोड दिइएको छ तथा ८२ हजार वन विरुवा उत्पादन र वितरण गरिएको छ ।
- एच आइभी एड्स थप १ जना सहित ६ जना संक्रमितहरुले परामर्श लिइरहेको ।
- लक्षित समूह विकास कार्यक्रमहरुमा ४३०० (५९%) महिला र ३०१८ (४१%) गरी जम्मा ७३१८ जनाको सहभागिता देखिएको छ ।
- उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता गरिएको छ ।
- सामाजिक परिचालन अन्तर्गत नागरिक सचेतना केन्द्रका १०८२ सहभागीमध्ये ५३ % महिला र वडा नागरिक मंचमा सहभागी ७९३८ जनामध्ये ४१ % महिला सहभागिता रहेको छ ।

### सेवाहरुमा पहुँच

- जिल्लामा ४७ किमि ग्राभेल सडक मार्फत बाह्रै महिना यातायात सुचारु भएको ।
- कृषि सेवाकेन्द्रहरुको संख्या ६ वटामात्र रहेकोले सेवाकेन्द्र पुग्न वढीमा ८ घण्टा सम्म लाग्ने गरेको । ।
- महिला, पिछडिएको वर्ग र अपांग सशक्तिकरण कार्यक्रम जम्मा ५६ वटा संचालनका लागि जम्मा १ करोड ७९ लाख ७ हजार खर्च भएको छ ।

### संस्थागत क्षमता विकास

- जिविसले आगामी ५ वर्षका लागि आवधिक जिल्ला विकास योजना तयार गरेको ।
- जिविसको कार्यालय नेपालका सबै जिविसहरु मध्ये न्यूनतम् शर्त तथा कार्यसम्पादन मूल्यांकनमा ८६ अंक प्राप्त गरी प्रथम हुन सफल भएको छ भने जिल्ला स्थित सबै गाविसहरु न्यूनतम् शर्त पुरा गर्न सफल रहेका ।
- जिविसले कार्यसम्पादनका आधारमा पूँजीगत रकममा ५७ लाख वृद्धि गरेको ।
- ज्येष्ठ नागरिकहरुलाई वैंक खाता मार्फत ४ गाविस र १ नपामा जम्मा गरिएको ।
- कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय र जिल्ला वन कार्यालयसँगको साझेदारीमा विभिन्न गतिविधि संचालन गरिएको ।

## ६.४ यसवर्षको मुख्य मुख्य सामाजिक उपलब्धिहरू

### १ स्वास्थ्य

- ३५ वटै गाविस तथा नगरपालिकामा स्वास्थ्य चौकी र शहरी स्वास्थ्य क्लिनिक संचालन भएको छ। ७५ प्रतिशत घरधुरीमा १ घण्टा भित्र स्वास्थ्य सेवाको पहुँच रहेको छ।
- ५ वर्ष मुनीका लक्षित १९०३५ (पोलियो थोपाका लागि लक्षित जनसंख्या) जनामध्ये ५९५८ जना (३१.३ प्रतिशत) ले वृद्धि अनुगमन गरेको। गत वर्षको भन्दा वृद्धि अनुगमन प्रक्रिया ०.३ प्रतिशतले वृद्धि भएको छ।
- १९०३५ जना लक्षित वालवालिका मध्ये १८४३६ जना (९९.१ प्रतिशत) ले पोलियो खोप प्राप्त गरेका छन्। १६५३२ जना बालबालिकाले भिटामिन ए र १४८१९ जनाले अल्वेण्डाजोल प्राप्त गरेका।
- एक वर्ष मुनीका वालवालिकाहरुमध्ये वि.सि.जी. १००, डि.पी.टी. १००, मिजल्स ९९ प्रतिशत ले प्राप्त गरेका छन्। गत वर्ष भन्दा ९.४ र १०.७ प्रतिशतले खोप कभरेजमा वृद्धि भएकोछ।
- यस आ.व.मा ८ वटा गाविसहरु (फाक्सिब, मौनाबुधुक, राजारानी, भेडेटार, बुढीमोरंग, घोर्लीखर्क र तेलीया) लाई पूर्ण खोप सुनिश्चित भएका गाविसहरुको रुपमा घोषणा गरिएकोछ।
- सुत्केरी भएका मध्ये चौथो पटक गर्भ जाँच गराउने महिलाहरुको प्रतिशत ५४ प्रतिशतबाट बढेर ६१.४ प्रतिशत पुगेको छ।
- जम्मा २२७९ जना सुत्केरी भएका मध्ये स्वास्थ्य संस्थामा ( दक्ष स्वास्थ्य कर्मीको सहयोगमा) जिल्ला अस्पतालमा २८८ जना समेत १०२१ जनाले प्रसुती गराएका छन्। आफ्नै घरमा  सुत्केरी गराउने १२५८ जनामध्ये ९४१ जनाको सुत्केरी गराउँदा महिला स्वास्थ्य स्वयंसेविकाहरुको उपस्थिति रहेको थियो।
- गत वर्ष झाडापखालाबाट विरामी हुनेदर प्रति हजारमा ७४८ जना थियो भने यो पटक प्रतिहजार ७३५ जना रहेको छ। गत वर्ष भन्दा यो वर्ष प्रतिहजार १३ जना कम विरामी देखिन्छ। झाडापखालाबाट बच्चाहरुको मृत्यु भएको अभिलेख देखिएको छैन।
- १५००१६ जनाले स्वास्थ्य सेवा लिएका छन्। जस अनुसार ३४८८८ परिवार (९३.५) प्रतिशत परिवारले स्वास्थ्यकेन्द्रमा गएर सेवा लिएको देखिएको छ।

### २ शिक्षा

- पूर्व प्राथमिक तहमा खुद भर्नादर ३४ प्रतिशत रहेको छ। जसमा छात्रा भर्नादर ३६ रहेको छ
- प्राथमिक विद्यालय उमेर समूहका ९८.६२ प्रतिशत बालबालिकाको पहुँच देखिएको छ भने पहुँच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत १.३८ प्रतिशत रहेको छ। गत वर्ष भन्दा ०.८७ प्रतिशतमा पहुँच अभिवृद्धि भएको देखिन्छ।

- प्राथमिक तहमा हाल खुद भर्नादर ५१.६३ प्रतिशत रहेको छ जसमा छात्रा खुद भर्नादर : ५३.०४ प्रतिशत रहेको छ ।
- कक्षा १ मा दोहोर्‍याउने १९.२६ प्रतिशत, कक्षा छाड्ने १३.७१ प्रतिशत र उत्तिर्ण ६७.०२ प्रतिशत रहेको छ ।
- कक्षा ५ मा कक्षा दोहोर्‍याउने ८.१७ प्रतिशत, छाड्ने ९.०८ प्रतिशत र उत्तिर्ण ८२.७४ प्रतिशत
- प्राथमिक तहमा कार्यरत ७८४ शिक्षकहरु सबैले तालिम प्राप्त गरेका छन् ।
- यो आ.व.मा थप भएका १०४ कक्षा कोठाहरु सहित विद्यालयहरुमा जम्मा ३६२१ कक्षा कोठाहरु छन् । जस अनुसार प्रति कक्षा कोठा विद्यार्थी संख्या १२.७५ जना रहेको छ । १०४ वटा कोठा थप भएको ।
- शिक्षामा दलित बालबालिकाहरुको पहुँचलाई हेर्ने हो भने प्राथमिक तहमा २३२२ जना, नि.मा.वि. तहमा १००० जना, माध्यमिक तहमा ४४३ जना र उच्च मा.वि. तहमा १५९ जना दलित वालवालिकाहरुले छात्रवृति पाइरहेको छन् । वालविकास केन्द्रहरुमा ४६८ जना भर्ना भएका देखिन्छन् ।

### ३ खानेपानी तथा सरसफाई

- **जम्मा जिल्लाको कूल जनसंख्या मध्ये ८०.२ प्रतिशत परिवारमा खानेपानी सेवा पुगेको देखिन्छ ।**
- जिविसबाट यो वर्ष संचालित खानेपानी आयोजनाबाट ९२०८ जना (२१४१ परिवार) लाभान्वित भएका छन् ।
- जिल्लाका ८५ प्रतिशत घरपरिवारमा शौचालय सुविधा पुगेको छ । यो वर्ष थप १० वटा गाविसहरु (डाँडाबजार, मुढेबास, राजारानी, मौनाबुधुक, बेलाहारा, महाभारत, भेडेटार, बुढीमोरंग, खोकु र तेलीया) खुल्ला दिसामुक्त घोषणा भएका छन् भने जम्मा १५ गाविसहरु खुल्ला दिसामुक्त घोषणा भइसकेका छन् ।
- कूल ३१३ विद्यालय मध्ये २७५ वटामा खानेपानी सुविधा उपलब्ध छ भने ३८ वटा विद्यालयहरुमा खानेपानी सुविधा नभएको ।
- यस वर्ष निर्माण भएका ११९५ समेत जम्मा १२३८४ परिवारले सुधारिएको चुलो निर्माण गरेको छन् । हालसम्म ८ वटा गाविसहरु घरभित्रको धुवाँमुक्त गाविस घोषित भइसकेका छन् ।

### ४ बालबालिका, महिला तथा समावेशी क्षेत्र

- ३ वर्ष विचमा १३५० जना २० वर्ष भन्दा कम व्यक्तिहरुको विवाह दर्ता भएको देखिन्छ । उमेरगत रुपमा १३ देखि १८ वर्ष उमेर समूहमा विवाह भएको छ ।

- जिल्लामा यस वर्ष १०६६१ जनालाई रु. ६१४०३९५० सामाजिक सुरक्षा भत्ता वितरण भएको छ । जसमध्ये ज्येष्ठ नागरिकहरु २१७९ महिला र २६४२ पुरुष गरी जम्मा ४८२१ जना, एकल महिला १९८७, असहाय विधवा भत्ता १७२० जना, पूर्ण अशक्त अपांग भत्ता महिला १२०, पुरुष १३९ गरी जम्मा २५९ जना र आंशिक अशक्त महिला २१ र पुरुष १९ जना रहेका छन् ।
- यसै गरी दलित ज्येष्ठ नागरिकहरु ४३७ महिला र ४१० पुरुष गरी जम्मा ८४७ जनाले भत्ता प्राप्त गरेका छन् भने ।
- जिल्ला विकास समितिले सुरक्षा भत्ता पाउने व्यक्तिहरुको नामावली प्रकाशन गरेको ।
- यो वर्ष थप १५० जनाले अपांग परिचय पत्र प्राप्त गरेका छन् ।

## ५ जनचेतना तथा गरिवी निवारण

- जिल्लामा करिब २५० जति वालश्रमिक रहेको अनुमान गरिएको छ । जसमध्ये नगर क्षेत्रमा करिब सो को ४० प्रतिशत जति रहेका छन् ।
- जिल्लामा गाविस स्तरीय २७ वटा वालक्लब रहेको । नगर क्षेत्रमा ८ वटा क्लब र नगरस्तरीय संजाल रहेको छ । यस वर्ष वाल राहत कोषको बजेट १४३५०० पुगेको छ ।
- यो वर्ष १२८ महिला हिंसाका घटनाहरु जानकारीमा आएका छन् ।
- यो वर्ष जिविस मार्फत विभिन्न योजनाहरुबाट १७३८२ दिन रोजगारी सिर्जना भएको छ ।
- घरेलु तथा साना उद्योग विकास समितिमा यस वर्ष १०९ वटा उद्योगहरु दर्ता भएका छन् । जसबाट रोजगारी ३०१ जनाले रोजगारी प्राप्त गर्नेछन् ।
- १४ जनाले जिविस मार्फत, घरेलु तथा साना उद्योग विकास समिति मार्फत उद्यमी विकास कार्यक्रम मार्फत ७४ जनाले विभिन्न तालिम लिएका छन् भने नयाँ उद्यमी सम्वन्धी १०९ जनाले तालिम प्राप्त गरेका छन् ।
- जिल्लामा दुधको उत्पादन बढाउनका १३६३ उन्नत र ४५९ वटा लोकल गाईहरुमा कृत्रिम गर्भाधान गराइएको छ । ७० जना कृषकहरुले गाइढुवानी सेवा पाएका छन् ।
- १०१७ विपन्न परिवारहरुले विभिन्न संस्था तथा कार्यालयहरु (जिविस, पशु सेवा कार्यालय, भूसंरक्षण कार्यालय, बहुसरोकारवाला वन कार्यक्रम, हुसाडेक समेत) बाट आयमूलक कार्यक्रमका लागि रु. ३५ लाख भन्दा वढी सहयोग प्राप्त गरेका छन् ।
- यस वर्ष ३५७१८९५ लिटर दुध निकासी भएको छ । गत वर्ष ३१७८४०२ लिटर निकासी भएको थियो ।
- जिल्लाका २७ वटा मासु पसलबाट २६६५०० केजी मासु खपत भएको छ । जसको आर्थीक कारोबार रु. ७२९ लाख भएको छ ।
- अघिल्लो वर्षको तुलनामा दुध उत्पादन २ प्रतिशत, मासु २.६६ प्रतिशत र फूल ३.३ प्रतिशतले वृद्धि भएको छ ।

- गत वर्ष पशुपालन तथा घाँस उत्पादन समूह ४२ वटा थिए भने यो पटक ८७ वटा समूह भएका छन्। संलग्न सदस्य संख्या ४५० बाट बढेर ८६० पुगेको छ।
- वहुसरोकारवाला वन कार्यक्रमबाट विभिन्न स्थानका १२५० विपन्न घरधुरीलाई जीविकोपार्जन सुधार योजना वनाई आयमूलक काम शूरु गरेका छन्।
- ७०० हेक्टर जमिनमा थप सिंचाई सुविधा पुगेको छ। जसका कारण आय आर्जनमा टेवा पुगेको छ। जिविसबाट ८२२७ रोपनीमा सिंचाई उपलब्ध भएको छ जसबाट १६४६ परिवार लाभान्वित भएका छन्।
- ३ स्थानमा तरकारी उत्पादन संकलन केन्द्र निर्माण भएको छ जसका कारण कृषी उपज वजारीकरण सहज भएको छ। जसका कारण दैनिक १०० देखी १५० जना रोजगार पाउने देखिएका छन्।
- जिल्लाका ३५ गाविसहरु र धनकुटा नगरपालिकाका ५ वटा वडाहरुमा सामाजिक परिचालन भइरहेको छ।
- ४० नागरिक सचेतना केन्द्रहरुमा अति विपन्न ८७५ परिवार संगठित भइरहेका छन्। उक्त केन्द्रमा ५७६ जना महिला र २९९ जना पुरुष रहेका छन्।
- वस्ती स्तरको नीति निर्माण तहका वडा नागरिक मञ्च ३१५ वटा गठन भएका छन्। उक्त मंचमा सदस्य संख्या ७८७५ जना संगठित छन्। जसमा महिला ३२५१ र पुरुष ४६२४ रहेका छन्।
- वडा नागरिक मंचबाट २५५५ वटा योजना माग भएकोमा ७६ वटा स्वीकृत भएका छन्।
- वातावरण सुधारका लागि जिल्ला वन कार्यालय, भू संरक्षण कार्यालयहरुबाट १३० हजार विरुवा उत्पादन र वितरण गरिएको छ भने जिल्लाको विभिन्न स्थानको १९.२५ हेक्टर क्षेत्रमा बृक्षारोपण भएको छ।
- तीन स्थानमा तालतलैयाको संरक्षण भएको। ११ स्थानमा पानी मुहानको संरक्षण भएको छ
- २५० गोठ सुधार गरिएको जस अनुसार २५० किसानहरु आर्गनिक खेतीमा आकर्षित भएको
- वायो इन्जिनियरिंग विधिबाट ४ कि.मि. खोला किनारा संरक्षण र ३ कि.मि. सडक संरक्षण भएको छ।
- १७८ जोखिम र विपन्न घरधुरीलाई सोलार प्राप्त गरेका छन्।
- जिल्लामा एच आई भि संक्रमित संख्या ११ जनाले उपचार लिइरहेका छन्।
- १०७४३ जनाको सहभागिता विश्लेषण गर्दा ४९८७ जना (४६.४२ प्रतिशत) महिलाको सहभागिता देखिन्छ। वडा नागरिक मंचमा महिला सहभागिता ४१ प्रतिशत देखिन्छ।

## ६ सेवाहरूमा पहुँच

- यस वर्ष मर्मत भएका सडकहरुबाट प्रत्यक्षतः ८४४२४ जना लाभान्वित भएका छन्। जसका कारण सेवाकेन्द्रहरुमा पहुँच विस्तारमा सहयोग पुगेको छ।
- कृषि सेवाकेन्द्रहरुको संख्या ६ वटा, पशु सेवा केन्द्रहरु ११ वटा रहेका छन्।

- लक्षित समूहहरु केन्द्रित कार्यक्रमहरुबाट लाभान्वित भएका हरुमा आदिवासी जनजाती उत्थान कार्यक्रम अन्तर्गत जम्मा प्रत्यक्ष ३७० जना लाभान्वित भएका छन् ।
- अपांग समन्वय समिति अन्तर्गत भएका क्रियाकलापबाट २० जना नेत्रहिनहरुले र स्टाइलस छडि प्रयोग गरेका छन् । सहायक सामग्री आवश्यकता प्रयोग सम्वन्धी सचेतना शिवीरबाट १०५ जना लाभान्वित भएका छन् ।
- दलित विकास तर्फको खर्चबाट ३ वटा तालिम मार्फत ३० जनाले लाभ लिएका छन् । १ जनाले विज्ञान संकाय अध्ययनका लागि रु १० हजार छात्रवृति प्राप्त गरेका छन् ।
- अदुवाको जुस १० जना, व्युटीपार्लर ४, सिलाई पुनर्ताजगी), वर्थींग सेन्टर निर्माण, भवन निर्माण तथा मर्मत ३ वटा संचालन भएका छन् ।
- महिलासँग सम्वन्धित कार्यक्रमहरुबाट जम्मा ७५८ जना लाभान्वित भएका देखिन्छन् ।
- ग्रामिण क्षेत्रमा रहेका ४३१ जना महिलाको आंग खस्ने स्वास्थ्य परीक्षण गरिएकोछ भने २९ जनाको पाठेघरको अप्रेसनमा सहयोग पुगेको छ ।
- वाल लक्षित कार्यक्रमबाट वाल पार्श्वचित्र निर्माण भएको छ भने २ वटा वालगृह संचालन गर्न आंशिक सहयोग पुगेको छ ।
- जिविस अन्तर्गत संचालित लक्षित कार्यक्रमहरु अन्तर्गत : दलितवर्ग उत्थान कार्यक्रम १०७ महिला र १२७ पुरुष गरी जम्मा २३४ जना, आदिवासी जनजाति कार्यक्रम २५७ महिला र ११७ पुरुष गरी ३७४ जना, अपाङ्ग सहयोग कार्यक्रम ४० महिला र ६५ पुरुष, गरी जम्मा १०५ जना, महिला विकास कार्यक्रम ५१० महिला र २४८ पुरुष गरी जम्मा ७५८ जना, जेष्ठ नागरिक कार्यक्रम, ३४ महिला र २८ पुरुष, गरी जम्मा ६२ जना, वाल विकास कार्यक्रम १६६ महिला र १९६ पुरुष गरी जम्मा ३६२ जना लाभान्वित भएका छन्
- लक्षित समूह विकास कार्यक्रम बाट १११० महिला र ७८१ गरी जम्मा १८९१ जना लाभान्वित भएका ।
- जिल्ला शिक्षा कार्यालयबाट आधारभूत तहमा दलित छात्रवृति २९३९ जना, सीमान्तकृत समुदायका लागि २६ जनालाई छात्रवृति र अपांगता भएका २३ जनालाई छात्रवृति प्राप्त गरेका छन् ।

**७ संस्थागत क्षमता**

- जिविस कर्मचारी , समुदाय र सस्थागत क्षमता विकासकार्य बाट जम्मा ६१७ महिला र १०१३ जना पुरुष गरी जम्मा १६३० जना लाभान्वित भएका छन् ।
- जिविसको कार्यालय नेपालका सबै जिविसहरु मध्ये न्यूनतम् शर्त तथा कार्यसम्पादन मूल्यांकनमा ८४ अंक प्राप्त गरी प्रथम हुन सफल भएको छ ।
- जिविस सँग २७ वटा कोठा भएका भवन ३ वटा भवन छन् भने १ वटा सभाहल प्रयोगमा आएको छ ।

## ६.५. सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखाका आधारहरु विषयगत कार्यालयहरुसँगको अन्तरक्रिया, वार्षिक प्रगति समिक्षा र अधिल्लो वर्षको सामाजिक परीक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदनहरुको विश्लेषणबाट गरिएको छ ।

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | २०७१ असार मसान्त सम्मको प्रयास | उपलब्धि |
|---|---|---|---|
| **१ स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | अनुमानित ७५ प्रतिशत घरधूरीमा पहूंच । | • ग्रामिण सडकको मर्मत तथा सम्भारमा जोड<br>• हरेक गाविसमा यातायातका साधन पुग्ने वातावरण निर्माण<br>• वडा स्तरमा खोप कार्यक्रम संचालन<br>• महिला स्वास्थ्य कार्यकर्ताहरुलाई तालिम । | • ७५ प्रतिशत घरधुरीमा १ घण्टा भित्र स्वास्थ्य सेवाको पहुँच रहेको छ ।<br>• हरेक गाविस स्तरमा यातायातको पहुँच विस्तार ।<br>• वडा स्तरसम्म खोप सेवाको उपलब्धता ।<br>• हरेक गाविसमा तथा केही ठूला गाविसमा २ वटा समेत स्वास्थ्य चौकीको व्यवस्था गरिएको । |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | ५२१४ जनाको वृद्धि अनुगमन गरिएको । | • ५ वर्ष मुनीका वालवालिकाहरुको वृद्धि अनुगमन कार्यलाई निरन्तरता दिइएको छ ।<br>• पोलियो थोपा, भिटामिन ए खुवाउने, जुकाको औषधी खुवाउने अभियानहरु वर्षको २ पटक सम्म संचालन हुने गरेको । | • लक्षित १९०३५ (पोलियो थोपाका लागि लक्षित जनसंख्या) जनामध्ये ५९५८ जना (३१.३ प्रतिशत) ले वृद्धि अनुगमन गरेको । गत वर्षको भन्दा ०.३ प्रतिशतले वृद्धि भएको ।<br>• १९०३५ जना लक्षित वालवालिका मध्ये १८४३६ जना (९९.१ प्रतिशत) ले पोलियो खोप प्राप्त गरेको ।<br>• १६५३२ जना बालबालिकाले भिटामिन ए र |

| | | | |
|---|---|---|---|
| | | | १४८१९ जनाले अल्वेण्डाजोल प्राप्त गरेका ।<br>-पहिलो चरणमा । |
| खोपमा पहुँच भएको जनसंख्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | वि.सि.जी. ९०.६, डि.पी.टी. ९०.६, मिजल्स ८९.३ प्रतिशत | • लक्षित बालवालिका संख्या ३४८६ जना<br>• प्रत्येक गाविसमा ३ देखि ५ खोप सेसन र नगरपालिका क्षेत्रभित्र ११ खोप सेसनद्वारा निःशुल्क रुपमा प्रत्येक महिना (विसिजी, डिपिटी, , हेपाटाइटिस बि,, पोलियो, दादुरा, रुवेला, टिटि, टि.डि.) खोप उपलब्ध गराइरहेको छ ।<br>• पोलीयो र भिटामिन ए सम्वन्धी अभियानहरु संचालन गरिएको । | • वि.सि.जी. १००, डि.पी.टी. १००, मिजल्स ९९ प्रतिशत<br>• गत वर्ष भन्दा ९.४ र १०.७ प्रतिशतले खोप कभरेजमा वृद्धि भएकोछ ।<br>• यस आ.व.मा ८ वटा गाविसहरु (फाक्सिब, मौनाबुधुक, राजारानी, भेडेटार, बुढीमोरंग, घोर्लीखर्क र तेलीया) लाई पूर्ण खोप सुनिश्चित भएका गाविसहरुको रुपमा घोषणा गरिएकोछ । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | २२६२ जनाले ( ४८.८ प्रतिशत) | • लक्षित जनसंख्या ४१०२ जना अनुमान गरिएको ।<br>• स्वास्थ्य चौकीहरुमा गर्भवती जाँच सेवा उपलब्ध गराइएको ।<br>• हरेक मंगलबार र शुक्रबार जिल्ला अस्पतालमा गर्भवती जाँच गर्ने गरिएको<br>• गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा १७१ जनालाई उपलब्ध गराइएको छ | • प्रथम पटक गर्भवती जाँच गराउने महिला ७२.६ प्रतिशतबाट बढेर ७३ प्रतिशत पुगेको छ ।<br>• चौथो पटक गर्भ जाँच गराउने ५४ प्रतिशतबाट बढेर ६१.४ प्रतिशत पुगेको छ ।<br>• ९०० जनालाई उत्प्रेरणा सेवा प्रदान गर्ने लक्ष्य लिइएकोमा १७१ जना (१९ प्रतिशत) ले उक्त सेवा लिएका छन् । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | १५.२ प्रतिशत | • सदरमुकाम बाहेक ग्रामिण भेगमा १२ स्थानमा सुरक्षित प्रसुती केन्द्र संचालन | • जम्मा २२७९ जना सुत्केरी भएको देखिएको<br>• स्वास्थ्य संस्थामा -जिल्ला अस्पतालमा २८८ |

| | | | |
|---|---|---|---|
| | | गरिएको छ ।<br>• आमा सुरक्षा कार्यक्रम सेवा प्रदान शोधभर्ना तथा यातायात खर्च : ५५० जनालाई प्रदान गरिएको छ ।<br>• | जना समेत १०२१ जनाले प्रसुती गराएका छन् ।<br>• आफ्नै घरमा १२५८ जना सुत्केरी भएको । जसमध्ये ९४१ जनाको सुत्केरी गराउँदा महिला स्वास्थ्य स्वयंसेविकाहरुको उपस्थिति रहेको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | छैन । | • झाडा पखाला सम्वन्धी रोगीहरु र तीनीहरुको उपचारको विश्लेषण गर्ने गरिएको छ ।<br>• उपचारका लागि ओ आर एस, जिंक चक्की वितरण गरिएको छ । | • गत वर्ष झाडापखालाबाट विरामी हुनेदर प्रति हजारमा ७४८ जना थियो भने यो पटक प्रतिहजार ७३५ जना रहेको छ । गत वर्ष भन्दा यो वर्ष प्रतिहजार १३ जना कम विरामी देखिन्छ । जसमध्ये ५ प्रतिशतमा जल विनियोजन र ०.१ प्रतिशतमा मात्र कडा जलविनियोजन भएको छ । झाडापखालाबाट बच्चाहरुको मृत्यु भएको अभिलेख देखिएको छैन । |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | ९६ प्रतिशत । | • १९ वटा स्वास्थ्य चौकी र १७ वटा उपस्वास्थ्य चौकीहरु र जिल्ला अस्पतालबाट नियमित सेवा प्रदान गरिएको । | • १५००१६ जना । (३४८८८ परिवार) औषत परिवार ४.३ जनाको दरले अनुमान गर्दा जनसंख्याको करिब ९३.५ प्रतिशत । |
| **२ शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | २ वटा प्राविका वालवालिकाको शिक्षामा पहुँच वृद्धि | • वालविकास केन्द्रहरुको व्यवस्थापन गरिएको । | • ....... |

| | | | |
|---|---|---|---|
| | भएको । | | |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | ३४ प्रतिशत | • वालविकास केन्द्रहरुको व्यवस्थापन । सहयोगी शिक्षकरहलाई तालिम ।<br>• | • खुद भर्नादर ३४ प्रतिशत रहेको । अघिल्लो वर्षको तुलनामा फरक नरहेको । (छात्रा भर्नादर ३६ रहेको छ । |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समुहका बालबालिका संख्या / प्रतिशत | २.२५ प्रतिशत | • विद्यालय भर्ना अभियान संचालन ।<br>• सचेतना कार्यक्रम संचालन । | • हाल ९८.६२ प्रतिशतमा विद्यालय पहुँचको सुनिश्चितता देखिएको हुँदा १.३८ प्रतिशत बालबालिको पहुँच नभएको देखिएको छैन । यद्यपी गत वर्ष भन्दा ०.८७ प्रतिशतमा पहुँच अभिवृद्धि भएको देखिन्छ । |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | ३७.०३ | • विद्यालय भर्ना अभियान संचालन<br>• अभिभावक भेटघाट कार्यक्रम संचालन गरिएको । | • हाल खुद भर्नादर ५१.६३ प्रतिशत रहेको ।<br>• छात्रा खुद भर्नादर : ५३.०४ प्रतिशत |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोऱ्याउने र कक्षा उत्तिर्ण हुने दर | • दोहोर्‍याउने १३.९३<br>• छाड्ने ११.२९<br>उत्तिर्ण ८६.१४ प्रतिशत । | • तथ्यांकको अद्यावधिकता ।<br>• अभिभावक भेटघाट तथा सामाजिक परिचालन कार्यक्रम संचालन ।<br>• सिकाई व्यवस्थापनका लागि शैक्षिक योजनाहरुको प्रभावकारी कार्यान्वयनमा जोड ।<br>• शिक्षक तालिम | कक्षा १<br>• दोहोर्‍याउने १९.२६ प्रतिशत<br>• छाड्ने १३.७१ प्रतिशत<br>• उत्तिर्ण ६७.०२ प्रतिशत<br>कक्षा ५<br>• दोहोर्‍याउने ८.१७ प्रतिशत<br>• छाड्ने ९.०८ प्रतिशत<br>• उत्तिर्ण ८२.७४ प्रतिशत |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक | ९०८ जना | • आधारभूत तहमा ७८४ जना शिक्षकहरुले | • १०० प्रतिशत ले तालिम लिएको । |

| | | | |
|---|---|---|---|
| संख्या | | पेशागत तालिम पाएका छन् । | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | ११.४८ जना | • यो वर्ष छ वटा विद्यालयहरु वटा मर्मत भए ।<br>• १०४ कोठा थप भएका । | • १२.७५ जना -माध्यमिक विद्यालय समेत)<br>• १०४ वटा कोठा थप भएको ।<br>• ६ वटा विद्यालयहरु मर्मत भएको ।<br>• हाल जम्मा ३६२१ कक्षा कोठा रहेका । |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | ३ वटा कोठा | • २ वटा भवन (जाल्पादेवी उच्च मावि र शारदा उच्च मावि) निर्माणमा भारतीय राजदुताबाससँग समन्वय गरेको ।<br>• ९ गैससहरुबाट विद्यालय सहयोग कार्यक्रमबाट ३ कोठे १ वटा भवन निर्माण सम्पन्न भएको । | • २ वटा तीन तले भवनहरु निर्माण भइरहेका छन् ।<br>• हुसाडेक सिएसपी मार्फत १ वटा विद्यालय भवन, शौचालय सहित जम्मा ९ वटा विद्यालयहरुमा ३६० जोर डेस्क वेन्च उपलब्ध भएको । |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | २ वटा | • स्थानीय निकायको समन्वयमा २ वटा भवन भारतीय राजदुताबासको सहयोगमा निर्माण भइरहेका छन् । | • २४ कोठाहरु |
| दलित बालबालिकाको शिक्षामा पहुँच | ३८७५ जना | • कक्षा १ देखि ८ सम्मका २९३९ जना र माध्यमिक तहका ३४८ जना गरि जम्मा ३२८७ दलित छात्र छात्राहरुलाई छात्रवृतिको व्यवस्था गरिएको छ । | • प्राथमिक तहमा २३२२ जना, नि.मा.वि. तहमा १००० जना, माध्यमिक तहमा ४४३ जना र उच्च मा.वि. तहमा १५९ जना रहेको छन् । वालविकास केन्द्रहरुमा ४६८ जना भर्ना भएका देखिन्छन् । |
| **३ खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ खानेपानी पुगेको परिवार संख्या वा प्रतिशत | स्वच्छपानी पुगेको २६५८० परिवार | • ९ वटा खानेपानी आयोजनाहरु संचालन १ | जम्मा ८०.२ प्रतिशत परिवारमा खानेपानी सेवा पुगेको छ । |

| | | | |
|---|---|---|---|
| | (७८.२४ प्रतिशत) | वटा आयोजना सम्पन्न भएको ।<br>● साना सहरी खानेपानी आयोजना संचालन भइरहेको ।<br>● जिविस मार्फत ८ वटा योजनाका लागि ३.५७२ कि.मि. पाइप उपलब्ध गराइएको<br>● गैसस मार्फत ४ वटा योजनाहरुमा मर्मत सहयोग । | जिविस मार्फत ९२०८ जना (२१४१ परिवार) लाभान्वित भएका छन् ।<br><br>गैसस मार्फत ४ वटा योजनाबाट २४८ परिवार खानेपानी सुविधाबाट लाभान्वित । |
| सौचालय भएको परिवार संख्या वा प्रतिशत | ५४ प्रतिशत ।<br>५ वटा गाविसहरू खुल्ला दीसामुक्त घोषणा भएका । | • जिल्लामा जिल्ला सरसफाई समन्वय समितिको गठन भएको । हाल सम्म नियमित वैठकहरू बस्दै गरेको ।<br>• ३५ वटै गाविसहरूमा गाविस स्तरीय सरसफाई सम्वन्धी समितिहरूको वैठक भइरहेको ।<br>• गैससहरूसंग समेत समन्वय गरी शौचालय बनाउने अभियानलाई तिब्रता दिइएको छ ।<br>• सन् २०१४ सम्ममा जिल्लालाई खुल्ला दिसामुक्त बनाउने अभियानमा बांकी गाविस तथा नगरपालिकाहरू क्रियाशिल भएका । | • ८५ प्रतिशत घरपरिवारमा शौचालय सुविधा पुगेको छ ।<br>• जिल्लामा जम्मा १५ गाविसहरू खुल्ला दिसामुक्त भएका । यो वर्ष थप १० वटा गाविसहरू (डांडाबजार, मुढेबास, राजारानी, मौनाबुधुक, बेलाहारा, महाभारत, भेडेटार, बुढीमोरंग, खोकु र तेलीया) खुल्ला दिसामुक्त घोषणा भएका<br>• गाविस तथा नगरपालिकाहरूमा खुल्ला दिसामुक्त बनाउने क्रममा अभियानहरू प्रभावकारी बन्दै गएका । |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | २७५ वटा विद्यालय | • स्थानीय निकाय र विकास साभेदार निकायहरूसंग समन्वय गरी उपलब्ध गराउने प्रयत्न गरिएको । | • विद्यालयमा खानेपानी उपलब्ध विद्यालय संख्या २७५ वटा । कूल ३१३ विद्यालय मध्ये अझै ३८ वटा विद्यालयहरूमा |

| | | | |
|---|---|---|---|
| | | | खानेपानी सुविधा नभएको । |
| सुधारिएको चुलो भएको परिवार संख्या | ११११८९ परीवारमा सुधारिएको चुलो निर्माण भएको । ३ वटा गाविसहरू घरभित्रको धुवांमुक्त घाषणा भएका । | • सामाजिक संस्थाहरुले धुवाँरहित गाविस बनाउनका लागि स्थानीय निकायसँग सहकार्य गरिरहेका । <br> • प्रमोटरहरुलाई तालीम, स्वास्थ्यसम्वन्धी चेतना, विद्यार्थीहरुलाई स्कुल शिक्षा, चुलो प्रदर्शनी, होर्डिंगवोर्ड, क्यालेण्डर, पुस्तक, पर्चा वितरण वाट चुल्हो निर्माण गर्न शन्देशमूलक शिक्षा प्रदान । | • यो वर्ष ११९५ वटा सुधारिएको चुल्हो निर्माण गरिएकोछ । सल्भ र पर्डेपले काम गरिरहेका । <br> • ८ वटा गाविसहरु घरभित्रको धुवाँमुक्त गाविस घोषीत भएका । |
| **४ बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | • | • |
| बाल बिवाहको संख्या | ३० जोडि वाल विवाहको तथ्य देखिएको । | • वाल विवाह विरुद्ध लैंगिक तथा महिला हिंसासँग जोडेर सचेतनामूलक कार्यक्रमहरु सम्पन्न भएका । | • ३ वर्ष विचमा १३५० जना २० वर्ष भन्दा कम व्यक्तिहरुको विवाह दर्ता भएको देखिन्छ <br> • उमेरगत रुपमा १३ देखि १८ वर्ष उमेर समूहमा विवाह भएको छ । <br> • औपचारिक रुपमा वालविवाहरुको तथ्यांक देखिन कठिनाइ भएको छ । |
| सामाजिक बिकृति, विसंगति | तथ्यांकगत रूपमा नदेखिएको । | • विद्यालय स्तरमा दुर्व्यसन विरुद्ध जनचेतना वढाइएको । <br> • विकृति र विसंगति नियन्त्रणमा नेपाल प्रहरीको संलग्नता रहने गरेको । | • महिला हिंसाका घटनाहरु उजागर हुने गरेका <br> • जिल्ला स्तरमा दुर्व्यसन नियन्त्रणका लागि सम्बादहरु भइरहेका । |

| | | | |
|---|---|---|---|
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाती) | गत वर्ष जम्मा ७१११ जनाले रू. ६०६४४ सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका । | • सबै गाविसहरुबाट हरेक चौमासिक भित्र नियमानुसार सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरिएको ।<br>• गाविसहरुबाट हरेक वडाहरुमा गएर भत्ता वितरण गर्ने गरेको ।<br>• यस वर्ष ६१४०३९५० सामाजिक सुरक्षा भत्ता अन्तर्गत जिविसबाट भुक्तानी गरिएको छ । | • जिल्लामा जम्मा १०६६१ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् २१७९ महिला र २६४२ पुरुष गरी जम्मा ४८२१ जनाले ज्येष्ठ नागरिक भत्ता प्राप्त गरेको ।<br>• एकल महिला १९८७, असहाय विधवा भत्ता १७२० जनाले प्राप्त गरेको ।<br>• पूर्ण अशक्त अपांग भत्ता महिला १२०, पुरुष १३९ गरी जम्मा २५९ जना र आंशिक अशक्त महिला २१ र पुरुष १९ जनाले प्राप्त गरेको ।<br>• दलित ज्येष्ठ नागरिकहरु ४३७ महिला र ४१० पुरुष गरी जम्मा ८४७ जनाले भत्ता प्राप्त गरेको ।<br>• दलित वालवालिकाहरुमा ४४९ जना वालिका र ५०८ जना वालकहरुले भत्ता प्राप्त गरेको ।<br>• सुरक्षा भत्ता पाउनेहरुको नामावली प्रकाशन गरेको ।<br>• यो वर्ष थप १५० जनालाई अपांग परिचय पत्र प्रदान गरिएको ।<br>• वालगृहमा रहेका २६ जना वालवालिकाहरुले सहयोग प्राप्त गरिरहेका । |

| ५ जनचेतना तथा गरिवी निवारण | | | |
|---|---|---|---|
| बाल श्रमको अवस्था | धनपामा १२ जना श्रमिक देखिएका । | • जिविसको कार्यालयबाट सिडिएफसँगको सहकार्यमा वालवालिकाहरुको यथार्थ अवस्था पत्ता लगाउन वाल पार्श्वचित्र निर्माण गरिएको छ । वालश्रम विरुद्धमा जनचेतना । वालक्लवहरुको परिचालन ।<br>• यस वर्ष समेत वालश्रमिक नराख्न पत्राचार गरिएको छ । | • जिल्लामा करिब २५० जति वालश्रमिकक रहेको अनुमान गरिएको छ ।<br>• नगर क्षेत्रमा करिब सो को ४० प्रतिशत जति रहेका ।<br>• न्यूनीकरणका लागि बालक्लब तथा उपसमिति र सरोकारवालाको सहभागितामा कार्यक्रम गरिएको । |
| बाल क्लवहरूको अवस्था | २७ गाविसहरूमा बाल क्लब रहेका १७ गाविसमा वाल संरक्षण उपसमिति रू.४३५०० वाल राहत कोष | • वालक्लवका पदाधिकारीहरुलाई क्षमता विकास तालिम दिने गरिएको ।<br>• वालराहत कोषको वृद्धि गरिएको । | • जिल्लामा गाविस स्तरीय २७ वटा वालक्लब रहेको । नगर क्षेत्रमा ८ वटा क्लब र नगरस्तरीय संजाल रहेको ।<br>• वाल राहत कोषको बजेट १४३५०० पुगेको छ । |
| महिला हिंशा | १२९ वटा महिला हिंसाका घटनाहरू जिल्ला स्तरमा आएको । ८५ वटा उजुरीहरूमा ७३ वटा न्यूनीकरण | • लैंगिक हिंसा सम्वन्धी घटेका घटनाहरुको विवरण संकलन गर्ने गरिएको । समन्वय समितिको वैठक बस्ने गरिएको ।<br>• महिला पुनर्स्थापना केन्द्रलाई सहयोग गरि हिंसापीडित महिलाहरुलाई अल्पकालीन सहयोग गर्ने गरिएको । | • यो वर्ष १२८ महिला हिंसाका घटनाहरु जानकारीमा आएका । प्रत्येक तालिममा महिला हिंसाबारे जानकारी गराउने गरिएको ।<br>• महिला हिंसा विरुद्धको अभियानलाई सामुदायिक वन उपभोक्ता समितिसँग जोडेको । |

| | | | |
|---|---|---|---|
| | गरिएको । | • कानूनी सहयोगका लागि वार इकाईसँग समन्वय गरिएको । | • हिंसापीडित वालिकालाई सहयोगका लागि मविका वालराहत कोषमार्फ रु ७५०० खर्च गरी वालिकाको उद्धार गरिएको छ । |
| रोजगारीको अवस्था | अघिल्लो वर्ष जम्मा ५१ हजार रोजगारी सिर्जना भएको । | • भौतिक पुर्वाधार निर्माण, उद्योग दर्ता गर्ने क्रमहरुबाट अल्पकालीन तथा दिर्घकालीन रोजगारीको अवसर सिर्जना भएको ।<br>• उद्योग दर्ता गर्ने क्रमबाट समेत रोजगारीको अवस्था सुनिश्चित गरेको छ । | • जिविस मार्फत विभिन्न योजनाहरुबाट १७३८२ दिन रोजगारी सिर्जना भएको छ ।<br>• घरेलु तथा साना उद्योग विकास समितिमा यस वर्ष १०९ वटा उद्योगहरु दर्ता भएका छन् । जसबाट रोजगारी ३०१ जनाले रोजगारी प्राप्त गर्नेछन् । |
| स्वरोजगारका प्रयासहरू | ४८८ जना | • आय आर्जन तथा स्वरोजगारको प्रयासका लागि तालिम उपलब्ध गराईएको ।<br>• घरेलु तथा साना उद्योग विकास समिति मार्फत उद्यमी विकास प्रवर्द्धन अन्तर्गत ११ प्रकारको तालिम उपलब्ध गराइएको । | • १४ जनाले जिविस मार्फत सीप अभिवृद्धि तालिम प्राप्त गरेका छन् ।<br>• घरेलु तथा साना उद्योग विकास समिति मार्फत उद्यमी विकास कार्यक्रम मार्फत ७४ जनाले तालिम लिएका छन् ।<br>• नयाँ उद्यमी सम्वन्धी १०९ जनाले तालिम प्राप्त गरेका छन् ।<br>• २५ जना उद्यमीहरुलाई नयाँ प्रविधि हस्तान्तरण गरिएको छ । |
| गरिवी निवारणका प्रयासहरू | सरोकारवाला निकायहरूसग समन्वय गरि गरिव लक्षित | • जिल्ला कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय, जिल्ला वन कार्यालय, जिल्ला विकास समितिको कार्यालयबाट गरिवी निवारणका लागि प्रत्यक्षतः | • जिल्लामा दुधको उत्पादन बढाउनका १३६३ उन्नत र ४५९ वटा लोकल गाईहरुमा कृत्रिम गर्भाधान गराइएको ।<br>• गाइपालनको क्रम बढेको छ । ७० जना |

| | | | |
|---|---|---|---|
| | कार्यक्रमहरू संचालन भइरहेकोछ । | क्रियाकलापहरु संचालनमा आएका छन् ।<br>• लक्षित समूह विकास कार्यक्रमले समेत गरिवी निवारणमा सहयोग पुगेको छ ।<br>• जिल्लामा दुधको उत्पादन बढाउनका १३६३ उन्नत र ४५९ वटा लोकल गाईहरुमा कृत्रिम गर्भाधान गराइएको ।<br>• गाइपालनको क्रम बढेको छ । ७० जना कृषकहरुले गाइढुवानी सेवा पाएका छन्<br>• ४२ बाखा र ६२ वंगुर पालनका लागि विपन्न परिवाल लक्षित गरि काम गरिएको<br>• ७०० हेक्टर थप सिंचाई सुविधा भई तरकारी खेती भई आयआर्जनमा टेवा पुगेको ।<br>• ३ स्थानमा तरकारी उत्पादन संकलन केन्द्र निर्माण भएको | कृषकहरुले गाइढुवानी सेवा पाएका छन् ।<br>• १०४ विपन्न परिवारहरुले (४२ बाखा र ६२ वंगुर पालन) का लागि सहयोग प्राप्त गरेका छन् ।<br>• यस वर्ष ३५७१८९५ लिटर दुध निकासी भएको छ । गत वर्ष ३१७८४०२ लिटर निकासी भएको छ ।<br>• अघिल्लो वर्षको तुलनामा दुध उत्पादन २ प्रतिशत, मासु २.६६ प्रतिशत र फूल ३.३ प्रतिशतले वृद्धि भएको छ ।<br>• गत वर्ष पशुपालन तथा घाँस उत्पादन समूह ४२ वटा थिए भने यो पटक ८७ वटा समूह भएका छन् । संलग्न सदस्य संख्या ४५० बाट बढेर ८६० पुगेको छ ।<br>• जिल्लाका २७ वटा मासु पसलबाट २६६५०० केजी मासु खपत भएको छ । जसको आर्थीक कारोबार रु. ७२९ लाख भएको छ ।<br>• हुसाडेक समुदाय सहयोग कार्यक्रम मार्फत मार्फत १४३ जनाले जीविकोपार्जन योजना सहित आय आर्जनका लागि प्रति परिवार १५ हजारका दरले सहयोग प्राप्त गरेका ।<br>• वहुसरोकारवाला वन कार्यक्रमबाट विभिन्न स्थानका १२५० विपन्न घरधुरीलाई |

| | | | |
|---|---|---|---|
| | | | जीविकोपार्जन सुधार योजना वनाई आयमूलक काम शूरु गरेका छन् । जसमध्ये ३५० घरधुरीलाई आय आर्जन क्रियाकलापमा रु. १९७८ हजार सहयोग गरिएको छ ।<br>● ७०० हेक्टर जमिनमा थप सिंचाई सुविधा पुगेको छ । जसका कारण आय आर्जनमा टेवा पुगेको छ । जिविसबाट ८२२७ रोपनीमा सिंचाई उपलब्ध भएको छ जसबाट १६४६ परिवार लाभान्वित भएका छन् ।<br>● ३ स्थानमा तरकारी उत्पादन संकलन केन्द्र निर्माण भएको छ जसका कारण कृषी उपज वजारीकरण सहज भएको जसका कारण दैनिक १०० देखी १५० जनाले रोजगार पाउने देखिएको छ ।<br>● जिल्ला भू संरक्षण कार्यालयबाट ७० विपन्न परिवारमा आयमूलक गतिविधिबाट सहयोग पुगेको देखिन्छ । |
| सामाजिक परिचालन | ३५ गाविस तथा नगरपालिकाकका ५ वटा वडाहरुमा संचालन | ● सामाजिक परिचालकहरुको क्षमता अभिवृद्धि तालिम संचालन भएको ।<br>● ३५ गाविसका सबै वडाहरुमा वडा नागरिक मंचको गठन तथा पुनर्गठन गरिएको ।<br>● महिला विकास कार्यालयबाट समेत सामाजिक परिचालन भइरहेको । | ● ३५ गाविसहरु र धनकुटा नगरपालिकाका ५ वटा वडाहरुमा सामाजिक परिचालन ।<br>● नागरिक सचेतना केन्द्र : ४० वटा (सदस्य संख्या : ८७५ जना, ५७६ जना महिला र २९९ जना पुरुष)<br>● वडा नागरिक मञ्च : ३१५ वटा (सदस्य संख्या ७८७५ जना । (महिला ३२५१, पुरुष ४६२४) |

| | | | |
|---|---|---|---|
| | | | • १४ वटा जीविकोपार्जन योजनामा १४ लाख खर्च भई ३५० जना लाभान्वित भएका ।<br>• वडा नागरिक मंचबाट २५५५ वटा योजना माग भएकोमा ७६ वटा स्वीकृत भएका ।<br>• वडा नागरिक मंचहरुले जम्मा ३७८० वटा वैठक सम्पन्न गरेका ।<br>• महिला विकास कार्यालय मार्फत ८ गाविसका १२० वटा समूह परिचालन भइरहेको जसमा नियमित वचत कार्य समेत भइरहेको । |
| वतावरण सुधारका प्रयासहरू | जिल्ला वातावरण पार्श्वचित्र निर्माण गरिएको ।<br>६४३ परिवारमा ८२ हजार वन विरुवा उत्पादन र वितरण गरिएको । | • जिल्ला वन कार्यालयबाट वन्यजन्तु संरक्षण, वन ढडेलो/आगलागी नियन्त्रण तथा अतिक्रमण नियन्त्रणका लागि प्रचार प्रसार, जनचेतना अभिवृद्धि<br>• वातावरण दिवस मनाइएको ।<br>• भकारो सुधार कार्यक्रम<br>• तरकारी तथा खाद्यान्नमा प्रयोग हुने विषादी न्यूनीकरणका लागि सचेतना कार्यक्रम संचालन गरिएको ।<br>• जिल्ला भूसंरक्षण कार्यालयबाट वायो इन्जीनियरिंग विधिबाट खोला, सडक, गल्छी नियन्त्रण लगायतका कार्यहरु गरिरहेको । | • जलवायु परिवर्तन न्युनिकरण गर्न तथा वनको हैसियतमा सुधार ल्याउन विभिन्न स्थानको १९.२५ हेक्टर क्षेत्रमा बृक्षारोपण,<br>• २ स्थानमा खानेपानी मूल संरक्षण,<br>• जिल्ला वन कार्यालय र भूसंरक्षण कार्यालय समेतबाट १३० हजार भन्दा बढि विरुवा उत्पादन गरी वितरण<br>• २५० गोठ सुधार गरिएको जस अनुसार २५० किसानहरु आर्गनिक खेतीमा आकर्षीत भएको<br>• वैकल्पिक उर्जा कार्यक्रम अन्तर्गत ८ गाविस र ११९५ परिवार घरभित्रको धुवाँरहित भएका । |

| | | | |
|---|---|---|---|
| | | • बहुसरोकारवाला वन कार्यक्रम मार्फत वैकल्पिक उर्जाको प्रवर्द्धनमा जोड दिइएको छ । | • वायो इन्जिनियरिंग विधिबाट ४ कि.मि. खोला किनारा संरक्षण भएको । ३ कि.मि. सडक संरक्षण गरिएको ।<br>• तीन स्थानमा तालतलैयाको संरक्षण भएको । ११ स्थानमा पानी मुहानको संरक्षण गरिएको ।<br>• १७८ जोखिम र विपन्न घरधुरीलाई सोलार प्राप्त गरेको । |
| एच.आई.भि र एड्स | ५ जना संक्रमितहरुलाई परामर्श सेवा | • रोकथामका लागि परामर्श दिने व्यवस्था<br>• रक्त परीक्षण र परामर्श सेवा प्रदान गरिने गरिएको ।<br>• सचेतना कार्यक्रमहरु संचालन गरिएको<br>• यौनरोग उपचार तथा व्यवस्थापन गर्ने गरिएको छ । | परामर्श तथा परिक्षण सेवा पाएका जम्मा : ६८२ जना<br>यस वर्ष एचआईभि निश्चित भएकाको जम्मा विवरण : ४ जना । जम्मा संक्रमित संख्या ११<br>यौनरोग उपचार तथा व्यवस्थापन गरिएको जनसंख्या १६०  जना । |
| विकासमा समान सहभागिता | लक्षित समूह विकास कार्यक्रममा ५९ प्रतिशत महिला सहभागिता रहेको | • नासके, वडा नागरिक मंच र लक्षित समूह विकास कार्यक्रममा महिला सहभागिता वढी देखिएको छ ।<br>• जिविसको कार्यालयले दलित वर्ग समन्वय समिती, महिला समन्वय समिति र आदिवासी तथा जनजाती जिल्ला समन्वय समिति अन्तर्गत समावेशी प्रक्रिया अवलम्बन गरेको । | • उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितता भएको छ । जसमा प्रमुख निर्णायक पदमा समेत महिला सहभागिता व्यवस्थित गरिएको छ<br>• १११० महिला र ७८१ गरी जम्मा १८९१ जना लाभान्वित भएका ।<br>• नागरिक सचेतना केन्द्र : ४० वटा (सदस्य संख्या : ८७५ जना, ५७६ जना महिला र |

| | | | |
|---|---|---|---|
| | | • विषयगत कार्यालयहरुले समेत विकासमा समानसहभागिता सुनिश्चित गर्न लैंगिक तथा सामाजिक समावेशीकरण नीति अन्तर्गत प्रक्रियाहरु अवलम्बन गर्ने गरेको छ । | २९९ जना पुरुष)<br>• वडा नागरिक मञ्च : ३१५ वटा (सदस्य संख्या ७८७५ जना । (महिला ३२५१, पुरुष ४६२४)<br>• १०२ उद्यमीहरु मध्ये ५० जना महिला रहेका छन् ।<br>• १०७४३ जनाको सहभागिता विश्लेषण गर्दा ४९८७ जना (४६.४२ प्रतिशत) महिलाको सहभागिता देखिन्छ । वडा नागरिक मंचमा महिला सहभागिता ४१ प्रतिशत देखिन्छ । |
| **६ सेवाहरूमा पहुँच** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | १ देखि ३ घण्टँ सम्म | • सडक स्तरोन्नतीका लागि लगानी भएको ।<br>• हिउँद महिनामा हरेक गाविस भवन सम्म यातायात सुविधा भएको छ भने वर्षादमा पुगेको छैन ।<br>• जिविसले विद्यमान ग्रामिण सडकहरुलाई बाह्रै महिना संचालन हुन सक्ने बनाउन जोड दिएको छ ।<br>• जस अन्तर्गत यो वर्ष ५० वटा सडकहरुमा (१७ कि.मि सडक) मर्मत भएको छ । | • स्थानीय हाटबजार पुग्न लाग्ने समयमा कमी भएको ।<br>• यस वर्ष मर्मत भएका सडकहरुबाट प्रत्यक्षतः ८४४२४ जना लाभान्वित भएका छन् । |

| | | | |
|---|---|---|---|
| | | • तीन किलोमिटर नयाँ ट्र्याक खोल्ने कार्य भएको छ । | |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | १ देखि ८ घण्टा सम्म पैदल दूरी | • सेवाकेन्द्रबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाउन कर्मचारीहरुको सेवालाई निरन्तरता दिइएको । | • कृषि सेवाकेन्द्रहरुको संख्या ६ वटामात्र रहेकोछ । औषत १ सेवाकेन्द्रको सेवाक्षेत्र ६ वटा गाविस तथा नगरपालिका पर्ने गर्दछ । सेवा केन्द्र नरहेका सबै गाविसका बासिन्दाहरुको पहुँचमा सेवाकेन्द्रहरु नरहेका । |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | ५६ वटा विभिन्न क्रियाकलापहरू मार्फत लक्षित समूह विकास गतिविधिहरू संचालन भएका । | • आदिवासी जनजाती उत्थान तथा विकास कार्यक्रम अन्तर्गत ११ लाख ५४ हजार ७६७ रकम जम्मा २५ वटा क्रियाकलापहरु ७ वटा ग्रामिण सडक, ७ वटा संस्कृति संरक्षण, १ वटा भवन छाउने काम र बाँकी सचेतना सम्वन्धी गतिविधिहरु संचालन गरिएको छ ।<br>• १ वटा वैठक बसेको छ ।<br>• अपांग समन्वय समिति अन्तर्गत १५५८४० खर्च भएको ।<br>• दलित समुदाय विकासका लागि २४ वटा गतिविधिहरु मार्फत जम्मा रु १०२८९४० खर्च भएको ।<br>• दलित लक्षित खर्च अन्तर्गत ६ वटा सडक, ६ वटा सचेतना कार्यक्रम, क्षमता विकास तर्फ २ वटा, ३ वटा तालिम | • आदिवासी जनजाती उत्थान कार्यक्रम अन्तर्गत जम्मा प्रत्यक्ष ३७० जना लाभान्वित भएका छन् ।<br>• अपांग समन्वय समिति अन्तर्गत भएका क्रियाकलापबाट २० जना नेत्रहिनहरुले र स्टाइलस छडि प्रयोग गरेका छन् ।<br>• सहायक सामग्री आवश्यकता प्रयोग सम्वन्धी क्षेत्रीय सचेतना शिवीरबाट १०५ जना लाभान्वित भएका छन् ।<br>• दलित विकास तर्फको खर्चबाट ३ वटा तालिम मार्फत ३० जनाले लाभ लिएका छन् । १ जनाले विज्ञान संकाय अध्ययनका लागि रु १० हजार छात्रवृति प्राप्त गरेका छन् ।<br>• अदुवाको जुस १० जना, व्युटीपार्लर ४, |

| | | | |
|---|---|---|---|
| | | प्रदान, २ वटा खानेपानी योजना संचालन,<br>● महिला लक्षित कार्यक्रमका लागि १०७६४०० विनियोजन । जम्मा २१ वटा क्रियाकलापहरु संचालन गरियो । जस अन्तर्गत ९ वटा सचेतना कार्यक्रम, १ वटा आयमूलक कार्यक्रम ३ वटा सीपमूलक तालिम,<br>● वाल वालिका लक्षित कार्यक्रम अन्तर्गत वाल पार्श्वचित्र निर्माण र दुइवटा वाल गृहहरुलाई अनुदान (माया अनाथ आश्रम धनपा ४ लाई रु २५ हजार, मदन आश्रीत वाल गृह संचालन रु ५००००) दिइएको छ ।<br>● साक्षरता प्रवर्द्धन रु ३००००, वालक्लव प्रवर्द्धन २००००, ज्ञानोपार्जन निमाविको कम्प्युटर कक्ष मर्मत रु २५००० र प्राथमिक विद्यालयका लागि फर्निचर खरिद एवं हस्तान्तरण ३५४१६४ खर्च भएको छ । | सिलाई पुनर्ताजगी), वर्थींग सेन्टर निर्माण, भवन निर्माण तथा मर्मत ३ वटा संचालन भएका छन् ।<br>● महिलासँग सम्वन्धित कार्यक्रमहरुबाट जम्मा ७५८ जना लाभान्वित भएका देखिन्छन् ।<br>● ग्रामिण क्षेत्रमा रहेका ४३१ जना महिलाको आंग खस्ने स्वास्थ्य परीक्षण गरिएकोछ ।<br>● २९ जनाको पाठेघरको अप्रेसन गरिएको छ ।<br>● वाल लक्षित कार्यक्रमबाट वाल पार्श्वचित्र निर्माण भएको छ भने २ वटा वालगृह संचालन गर्न आंशिक सहयोग पुगेको छ ।<br>● जिविस अन्गार्तत संचालित लक्षित कार्यक्रमहरु अन्तर्गत : दलितवर्ग उत्थान कार्यक्रम १०७ महिला र १२७ पुरुष गरी जम्मा २३४ जना, आदिवासी जनजाति कार्यक्रम २५७ महिला र ११७ पुरुष गरी ३७४ जना, अपाङ्ग सहयोग कार्यक्रम ४० महिला र ६५ पुरुष, गरी जम्मा १०५ जना, महिला विकास कार्यक्रम ५१० महिला र २४८ पुरुष गरी जम्मा ७५८ जना, जेष्ठ नागरिक कार्यक्रम, ३४ महिला र २८ पुरुष, गरी जम्मा ६२ जना, वाल विकास कार्यक्रम १६६ महिला र १९६ पुरुष गरी जम्मा ३६२ |

| | | | |
|---|---|---|---|
| | | | जना लाभान्वित भएका छन्<br>● लक्षित समूह विकास कार्यक्रम बाट १११० महिला र ७८१ गरी जम्मा १८९१ जना लाभान्वित भएका ।<br>● जिल्ला शिक्षा कार्यालयबाट आधारभूत तहमा दलित छात्रवृति २९३९ जना, सीमान्तकृत समुदायका लागि २६ जनालाई छात्रवृति र अपांगता भएका २३ जनालाई छात्रवृति प्रदान गरिएको छ । |
| **७ संस्थागत क्षमता** | | | |
| जनशक्ति | ३९ जना जनशक्ति । ( महिला ५ जना, दलित १ महिला, जनजाती १ महिला, मधेशी २ (१ महिला, )<br>मानव संशाधन तथा क्षमता विकास अन्तर्गत ७ लाख खर्च भएको । | ● १ जना उर्जा तथा वातावरण अधिकृत<br>● कार्यालय सहयोगी १ जना महिला थप<br>● जिल्ला विकास समितिमा ३९ जना जनशक्ति रहेको । (महिला ४ जना, दलित समुदायबाट ३ जना, जनजाती समदायबाट १५ जना र अन्य)<br>● ४ वटा विषयगत समिति, (दलित, अपांगता, महिला, जनजाती, समावेशी समिति, ) वटा समिति ।<br>● बाह्य परामर्शदाताहरु समेतको उपयोग हुने गरेको ।<br>● गाविस स्तरमा ६ जना प्राविधिक तीन | ● जनशक्ति विकास अन्तर्गत कर्मचारी तथा पदाधिकारीहरु, समेतलाई तालिम अध्ययन अवलोकन भ्रमणको आयोजना गरिएको ।<br>● जिविस कर्मचारी , समुदाय र सस्थागत क्षमता विकासकार्य बाट जम्मा ६१७ महिला र १०१३ जना पुरुष गरी जम्मा १६३० जना लाभान्वित भएका छन् । |

| | | | |
|---|---|---|---|
| | | वटा लक्षित समूह समितिहरु रहेका । <br>● मानव संशाधन तथा क्षमता विकासका लागि ११ लाख ४३ हजार रुपयाँ खर्च गरिएकोछ । | |
| नीति तथा कार्यक्रम | | ● आवधिक जिल्ला विकास योजना निर्माण <br>● जेसि पोलिसीको निरन्तरता <br>● १ वटा जिल्ला परिषद सम्पन्न भएको । <br>● चौमासिक ३, अर्धवार्षिक १, वार्षिक १ वटा समिक्षा बैठक सम्पन्न गरिएकोछ । <br>● जिल्ला परिषदबाट आ.व. ७०/७१ का लागि २१ वटा निर्णय भएको थियो । | ● जिविसको कार्यालय नेपालका सबै जिविसहरु मध्ये न्यूनतम् शर्त तथा कार्यसम्पादन मूल्यांकनमा ८४ अंक प्राप्त गरी प्रथम हुन सफल भएको छ । <br>● लक्षित समूह अन्तर्गतका समन्वय समितिहरुको निर्णय बाट नै लक्षित समूहको बजेट विनियोजन गर्ने गरिएकोछ । |
| भौतिक व्यवस्था | ३ वटा भवन रहेको । | ● नयाँ भवन निर्माण । <br>● २ वटा ल्यापटप र २ वटा डेस्कटप खरिद गरिएको । (योजना तथा प्रशासन, सामाजिक विकास र योजना तथा प्रशासन ।) | ● जिविस सँग २७ वटा कोठा भएका भवन ३ वटा । <br>● सभाहल १ वटा निर्माण सम्पन्न । <br>● १४ वटा डेस्कटप, ल्यापटप ७, फोटोकपी मेसिन २, प्रीन्टर, ११, मल्टिमिडिया प्रोजेक्टर १, फ्याक्स १ वटा टेलीफोन ८ वटा, स्क्यानर १, एडिएस एल इन्टरनेट, इमेल । <br>● २ वटा गाडी, ७ मोटरसाइकल <br>● योजना, प्रशासन, वैकल्पिक उर्जा, वातावरण, सामाजिकविकास, सूचना, लेखा, आलेप) |
| समन्वय र सहकार्यका प्रयासहरू | | ● वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र सीम एन | ● हरेक समन्वय समितिका बैठकहरु सम्पन्न |

| | | | |
|---|---|---|---|
| | | आयोजना सँग सहकार्य । (२ जना जनशक्तिमा आंशिक सहयोग ।)<br>● सोलार (सिफारिस) वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र सँग ।<br>● विभिन्न साझेदार संस्थाहरुसँग समन्वय<br>● ४ वटा लक्षित समन्वय समिति<br>● ७ वटा समन्वय समिति (शिक्षा, खानेपानी, स्वास्थ्य, वन तथा वातावरण, घरेलु तथा साना उद्योग विकास समितिु, कृषि विकास कार्यालय र पशु विकास कार्यालय लगायत) | भएका ।<br>● ७ वटा समन्वय समितिमा जिविसले अध्यक्षता गर्ने गरेको । (शिक्षा, खानेपानी, स्वास्थ्य, वन तथा वातावरण, घरेलु, कृषि, पशु स्थास्थ्य, )<br>● वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र सीम एन आयोजना सँग सहकार्य ।<br>● अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैससहरुसँग सहकार्य भइरहेको । वातावरण सुधारमा सहयोग पुगेको छ । |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | ● कृषि विकास कार्यालय, जिल्ला पशुसेवा कार्यालय र जिल्ला वन कार्यालयसँगको साझेदारीमा विभिन्न गतिविधि संचालन गरिएको ।<br>● (गैसस तथा साझेदार निकायहरुमा ( अनौपचारिक शिक्षा, जिल्ला वाल कल्याण समिति, जिल्ला खेलकुद समिति, अपांग जिल्ला समन्वय समितिमा संयोजनकारी भूमिका निर्वाह गरेको ।<br>● जिल्ला दैवी प्रकोप उद्धार समितिको सचिवालयको भूमिका निर्वाह । | ● जिविसले विभिन्न सामाजिक सम्पादनका क्षेत्रहरुमा आफ्नो समन्वयात्मक भूमिका प्रदान गरिरहेको छ । |

## ६.६. गत वर्षमा भोगेका समस्याहरू

जिविसको कार्यालय तथा जिल्लाका विषयगत कार्यालयहरुले निम्न अनुसारका समस्याहरु महसुस गरेको छन् ।

- स्थानीय निकायको कार्य सम्पादन उच्च भएपनि जनताका मागहरु आपूर्ती स्रोत र क्षमताको तुलनामा मागहरु वढी प्राप्त भएका जसलाई अपेक्षित रुपमा पुरा गर्न नसकिएको
- क्षमता विकासको बजेट तथा क्रियाकलापहरु यथेष्ठ र समयानकुल लगानी हुन सकेन ।
- समुदायमा अझैपनि विकासको स्वामित्व वोध कम भएको ।
- सडक निर्माणमा जनसहभागिता स्वस्फूर्त वन्न नसकेको ।
- निर्वाचित जनप्रतिनिधिको समेत भूमिका स्थानीय निकायले पुरा गर्नुपर्ने भएकोहुँदा कठिनाइ
- साना कार्यक्रमहरुमा श्रोत छरिएकोले प्राप्त अनुदानबाट ठुला योजना निर्माण गर्न सकिएको छैन
- विगत लामो समय देखि बाँकी रहेको पेश्की र बेरुजु फछ्र्यौट गर्न कठिनाइ भएको
- समयमा अख्तियारी नाउने, कार्यक्रम तथा बजेट नआउने, आउँदा बजेट काटिने वा हेरफेर हुने र अपर्याप्त बजेट आउने  कारणले निर्धारण भएका योजनाहरु कार्यान्वयनमा समस्या ।
- पर्याप्त बजेट र जनशक्तिको न्यूनताका कारण अनुगमन प्रक्रिया प्रभावकारी बन्न नसक्नु ।
- धनकुटा जिल्लालाई पूर्ण साक्षर र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित भएको गाविस लगायतका राष्ट्रिय अभियानहरु पुरा भएको जिल्ला घोषणा गर्ने कार्यमा साझा पहल भए पनि आशा अनुरुप प्रगति देखिएको छैन ।
- शैक्षिक अनुगमन निरीक्षणमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ सक्रिय हुन सकेको छैन ।
- कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था नभएको ।
- महिला लक्षित भनिएका कार्यक्रम प्रति पुरुष सहभागिता न्युन रहेकोले समविकास सम्वन्धी भावना बढ्न नसकेको ।
- कार्यान्वयनमा रहने उपभोक्ता समूह र अन्य समूह तथा तथा समितिहरु निस्कृय रहेका जसलाई फलोअप गर्न कठिनाइ रहेको ।
- नेपाल सरकारको लक्ष बमोजिम शत प्रतिशत घरधुरीमा खानेपानी पुर्‍याउने लक्ष बमोजिम जिल्ला स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिबाट रणनीति तयार गर्न नसकिएको ।
- खानेपानीका श्रोतहरु सुक्दै जानु, संचालन भइरहेका आयोजनाहरुका पनि केही श्रोतहरु सुक्नु । केही खानेपानी आयोजनाहरुमा मुहान विवाद हुनु । जिल्ला जलश्रोत समितिसँग दर्ता भएका जलश्रोत समितिहरुको तथ्यांक अद्यावधिक नभएको ।

## ६.७. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव :

उपरोक्त समस्याहरु समाधानका लागि निम्न अनुसारका सुझावहरु प्रस्तुत गरिएकोछ ।

- स्थानीय निकायका परिषदले निर्णय र सिफरीस गरेका योजनाहरुमा पर्याप्त रकम विनियोजन हुनुपर्ने ।
- जनताको जीवनस्तरमा रुपान्तरण हुने योजनाहरुमा मात्र लगानी प्रवर्द्धन गर्नुपर्ने ।
- उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि मार्फत जनपरिचालन बढाउनुपर्ने ।
- सामाजिक विकासका सूचकहरु समेट्ने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने
- नयाँ ढाँचा निर्माण, परिवर्तन, संशोधन तथा कार्यान्वयन गर्न पूर्व कार्यान्वयन तहमा छलफल गरिनुपर्ने ।
- उद्यमीहरुको आवश्यकता तथा माग अनुसार सहयोग गर्न सकिने गरी बजेटको व्यवस्था हुनुपर्ने
- संयुक्त अनुगमन प्रक्रियालाई प्रभावकारी बनाउनु पर्ने ।
- राष्ट्रिय अभियानहरु (पूर्ण खोप सुनिश्चित भएका, पूर्ण साक्षर र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित भएका, खुल्ला दिसामुक्त, पूर्ण सरसफाई युक्त, प्लाष्टीक झोला मुक्त, घरभित्रको धुवाँ मुक्त लगायत) पुरा भएका गाविस तथा जिल्ला घोषणा गर्ने कार्यका लागि साझा कार्यक्रम प्रस्ताव हुनुपर्ने र सो को कार्यान्वयन सबै पक्षबाट हुनुपर्ने ।
- अनुगमन तथा निरीक्षण कार्यहरुमा उपभोक्ता समूहहरु, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई थप सक्रिय बनाउनु पर्ने ।
- केन्द्रबाट प्राप्त हुने बजेट तथा कार्यक्रमहरु समय भित्र एकै पटक उपलब्ध हुनुपर्ने ।
- कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था हुनुपर्ने ।
- कार्यक्रम बढी भन्दा बढी गाविस स्तरमा र लक्षित परिवार केन्द्रित हुनुपर्ने ।
- महिला लक्षित कार्यक्रमहरुमा पुरुषहरुप्रति कार्यक्रमको मोह बढाउने खालका कार्यहरु गर्नुपर्ने ।
- लक्षित समूहको रकम लक्षित समूह वा समिति मार्फत परिचालन हुनुपर्ने ।
- उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गर्ने र योजनाको दिगोपनाका लागि प्रयत्न गर्नलाई सक्षम बनाउनु पर्ने ।
- सरसफाई प्रवर्द्धन सम्वन्धी गतिविधिहरुलाई परिवार तहको परिचालन प्रभावकारी बनाउनुपर्ने ।
- वन तथा वातावरण क्षेत्रलाई सामाजिक विकास, गरिवी निवारणसँग समेत जोडेर लानुपर्ने ।

सामाजिक परीक्षकको नाम : विदुर सुवेदी दस्तखत :
मितिः २०७१ कार्तिक २४ गते ।

## ७ विषयगत कार्यालयहरुको विवरण[2]

यस परिच्छेदमा विषयगत कार्यालयहरुको विवरण उल्लेख गरिएको छ । जसमा जिल्ला विकास सहित ८ वटा कार्यालयहरु र ३ वटा गैरसरकारी संस्थाहरुको विवरण उल्लेख गरिएकोछ ।

## ७.१ जिल्ला स्वास्थ्य कार्यालय, धनकुटा

**१. विषयगत कार्यालयको नाम :** जिल्ला स्वास्थ्य कार्यालय

**२. लक्ष्य**

क. जनस्वास्थ्य सेवाको विस्तारबाट ग्रामिण जनसमुदायको स्वास्थ्यअवस्थामा सुधार गर्नु

**३. मूख्य उद्देश्य**

क. स्वास्थ्य संजालहरुको माध्यमबाट स्वास्थ्य संरक्षणात्मक, प्रवर्द्धनात्मक र निदानात्मक सेवा उपलब्ध गराउनु ।

ख. स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुबाट रोग नियन्त्रण गर्नु ।

### ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| बाल स्वास्थ्य कार्यक्रम : समुदायमा आधारित नवजात शिशु स्याहार कार्यक्रम । | ३९७० जना राष्ट्रिय खोप दिवस, पोषण कार्यक्रम, समदायमा आधारित वाल स्वास्थ्य कार्यक्रम । | जम्मा २२७९ जना सुत्केरी भएको देखिएको जसमध्ये स्वास्थ्य संस्थामा १०२१ जना, घरमा १२५८ जना सुत्केरी भएको । घरमा सुत्केरी हुँदा मस्वासेको उपस्थिति ९४१ जनामा रहेको । ४३ जना कम तौलको शिशु जन्म भएको । नवजात शिशुहरु जम्मा २१ जनाको मृत्यु भएको ।<br>७३५ जना वालवालिकाहरुले झाडापखालाको उपचार प्राप्त गरेको । | |
| पोषण कार्यक्रम | पाँच वर्ष मुनीका | १५३९७ जनाले भिटामिन ए | भिटामिन ए ११२ र |

2 *बुदा १०.३ सँग सम्वन्धित अनुसूची- ३) सँग सम्वन्धित*

| | | | |
|---|---|---|---|
| | १३७४४ जनामा भिटामिन ए र ११६६७ जनामा अल्ण्डाजोल दिने । | खाएको र १३६४५ जनाले अल्वेण्डाजोल प्राप्त गरेको । | अल्वेण्डाजोल ११७ प्रतिशत । |
| परिवार स्वास्थ्य कार्यक्रम | गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा : ९०० जना ।<br>आमा सुरक्षा कार्यक्रम सेवा प्रदान शोधभर्ना तथा यातायात खर्च : १२५० जना<br>परिवार नियोजन स्थायी वन्ध्याकरण : १०० जना<br>आई. यू.सि.डि. सेवा प्रदान : ३०० जना<br>ईम्प्लान्ट सेवा : ३०० जना | गर्भवती तथा सुत्केरी उत्प्रेरणा सेवा : १७१ (१९ प्रतिशत) जना ।<br><br>आमा सुरक्षा कार्यक्रम सेवा प्रदान शोधभर्ना तथा यातायात खर्च : ५९५ जना । (४८ प्रतिशत)<br>परिवार नियोजन स्थायी वन्ध्याकरण : २ जना<br>आई. यू.सि.डि. सेवा प्रदान : ५१ जना<br>ईम्प्लान्ट सेवा : २२९ जना ।<br><br>कन्ट्रासेप्टीक प्रयोग गर्नेहरुको संख्या ३४.२ प्रतिशतबाट बढेर ३७.१ पुगेको ।<br>सुरक्षित सुत्केरी गराउने आमाहरुको संख्या बढेको । | ग्रामिण भेगमा १२ स्थानमा सुरक्षित प्रसुती केन्द्र संचालन गरिएको छ । |
| रोग नियन्त्रण | टिवी, मलेरीया, कुष्ठरोग नियन्त्रण र एचआईभि नियन्त्रण कार्यक्रम संचालन गर्नु । | ७५४ जना विरामीको खकार परीक्षण<br>गत आ.व.मा दर्ता भएका १०५ जना मध्ये ४३ जनाले डट्समा दर्ता भै उपचार लिइरहेका ।<br>विगत ६ वर्षमा ९ जना कुष्ठरोगी पत्ता लागेका उपचार लिइरहेका । | |

| | | | |
|---|---|---|---|
| | हात्तिपाइले रोग विरुद्धको औषधी खुवाउने लक्ष्य : १४२५६१ जना । | प्रगति : ७४ प्रतिशत । -नगरपालिकामा ४९ प्रतिशत र ग्रामिण क्षेत्रमा ८० प्रतिशत ) | |
| एचआर्भी एड्स तथा यौन रोग नियन्त्रण कार्यक्रम | | परामर्श तथा परिक्षण सेवा पाएका जम्मा : ६८२ जना<br>एचआईभि निश्चित भएकाको जम्मा विवरण : ४ जना । जम्मा संख्या ११<br>यौनरोग उपचार तथा व्यवस्थापनको विवरण : १६० जना । | |
| उपचारात्मक सेवा | | अस्पतालबाट जम्मा ५६८०८ जनाले सेवा प्राप्त गरेको । -अघिल्लो बर्ष ६१७७० जनाले सेवा प्राप्त गरेको ।)<br>अस्पतालमा जम्मा २८८ जनाको प्रसुती गराइएको । | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. समन्वय (सरकारी तथा गैससहरुवीच)

ख. स्वास्थ्य सम्वन्धी शिक्षा, सूचना, तथा संचार

ग. वार्षिक समिक्षा तथा प्रतिवेदन

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या | • हरेक गाविस स्तरमा यातायातको पहुँच विस्तार ।<br>• वडा स्तरसम्म खोप सेवाको उपलब्धता ।<br>• हरेक गाविसमा तथा केही ठूला गाविसमा २ |

| | |
|---|---|
| | वटा समेत स्वास्थ्य चौकीको व्यवस्था गरिएको । |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | • लक्षित १९०३५ (पोलियो थोपाका लागि लक्षित जनसंख्या) जनामध्ये ३१.३ प्रतिशतले वृद्धि अनुगमन गरेको । गत वर्षको भन्दा ०.३ प्रतिशतले वृद्धि भएको ।<br>• १९०३५ जना लक्षित वालवालिका मध्ये १८४३६ जना (९९.१ प्रतिशत) ले पोलियो खोप प्राप्त गरेको ।<br>• १६५३२ जना बालबालिकाले भिटामिन ए र १४८१९ जनाले अल्वेण्डाजोल प्राप्त गरेका । - पहिलो चरणमा । |
| खोपमा पहुँच भएको जनसंख्या ( एक बर्ष मुनीका बालबालिकाको आधारमा) | • वि.सि.जी. १००, डि.पी.टी. १००, मिजल्स ९९ प्रतिशत<br>• गत वर्ष भन्दा ९.४ र १०.७ प्रतिशतले खोप कभरेजमा वृद्धि भएकोछ ।<br>• यस आ.व.मा ८ वटा गाविसहरु (फाक्सिब, मौनाबुधुक, राजारानी, भेडेटार, बुढीमोरंग, घोर्लीखर्क र तेलीया) लाई पूर्ण खोप सुनिश्चित भएका गाविसहरुको रुपमा घोषणा गरिएकोछ। । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या ( प्रतिशतमा) | • प्रथम पटक गर्भवती जाँच गराउने महिला ७२.६ प्रतिशतबाट बढेर ७३ प्रतिशत पुगेको छ ।<br>• चौथो पटक गर्भ जाँच गराउने ५४ प्रतिशतबाट बढेर ६१.४ प्रतिशत पुगेको छ । |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | • १५.२ प्रतिशतबाट बढेर १६.३ प्रतिशत पुगेको छ । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका संख्या | • गत वर्ष झाडापखालाबाट विरामी हुनेदर प्रति हजारमा ७४८ जना थियो भने यो पटक प्रतिहजार ७३५ जना रहेको छ । गत वर्ष भन्दा यो वर्ष प्रतिहजार १३ जना कम विरामी |

| | |
|---|---|
| | देखिन्छ । जसमध्ये ५ प्रतिशतमा जल विनियोजन र ०.१ प्रतिशतमा मात्र कडा जलविनियोजन भएको छ । झाडापखालाबाट बच्चाहरुको मृत्यु भएको छैन । |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | • १५००१६ जना । जनसंख्याको करिब ९३.५ प्रतिशत । गत वर्ष यो प्रतिशत ९६ रहेको थियो । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. कार्यक्रम तथा वजेट समयमानै प्राप्त नहुनु ।

ख. वार्षिक कार्यक्रममा पटक पटक परिवर्तन भएको तथा थप कृयाकलापहरुका लागि निर्देशिका प्रष्ट नभएकोले कार्यक्रम संचालन गर्न समस्या देखिएको ।

ग. कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था नभएको ।

घ. अस्पतालको वजेट/अनुदान पर्याप्त नभएकोले सेवा तथा कार्यक्रम संचालन गर्न कठिनाई भएको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. बजेट कार्यक्रम समयमा उपलब्ध हुनुपर्ने ।

ख. बार्षिक कार्यक्रम एकै पटक उपलब्ध हुनुपर्ने ।

ग. कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था हुनुपर्ने ।

घ. पर्याप्त मात्रामा बजेट अनुदान उपलब्ध हुनुपर्ने ।

## ७.२ जिल्ला शिक्षा कार्यालय, धनकुटा

**१. विषयगत कार्यालयको नाम :** जिल्ला शिक्षा कार्यालय, धनकुटा

**२. लक्ष्य**

क. शिक्षामा पहुँच नपुगेका व्यक्ति तथा समूहहरुको शिक्षामा पहुँत वृद्धि गर्नु ।
ख. शिक्षाको गुणस्तर सुधार गर्नु ।
ग. समावेशीकरण र समाहितततामा वृद्धि ।
घ. सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्नु ।

**३. मूख्य उद्देश्य**

क. पहुँचका लागि छात्रवृतिको व्यवस्था, शौचालय, विद्यालय भवन, फर्निचरको व्यवस्था गर्नु ।
ख. गुणस्तर सुधारका लागि शैक्षिक सामग्री, शिक्षक तालिम र निरन्तर विद्यार्थी मुल्यांकन गर्नु
ग. क्षमता अभिवृद्धिका लागि प्रधान अध्यापक, विद्यालय व्यवस्थापन र लेखा सम्वन्धी तालिम दिने ।
घ. समावेशी तथा समाहितताका लागि अपांगता भएका विद्यार्थीलाई छात्रवृति, खाना र महिला शिक्षकको नियुक्तिमा जोड दिनु ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार कार्यक्रम | प्रारम्भिक वालविकास तथा तथा शिक्षा, विद्यालय शिक्षामा पहुँचको सुनिश्चितता, साक्षरता तथा निरन्तर शिक्षा, शैक्षिक गुणस्तर अभिवृद्धि, शिक्षक, शिक्षा तथा विकास, विद्यालय अनुगमन, प्रोत्साहन तथा | ३१० वटा वालविकास केन्द्रमा ४५८१ र विद्यालयमा २१८९ जना भर्ना भएका । विद्यालय भर्ना बालिका ४८.२८ प्रतिशत र बालक ५१.७२ प्रतिशत रहेको छ । दलितको भर्ना प्रतिशत ९.३८ र जनजातीको ५९.२७ प्रतिशत रहेको छ । | ९८.७४ प्रतिशत उपलब्धि देखिएको । |

| | | | |
|---|---|---|---|
| | सहयोग । | | |
| | | आधारभूत तहमा २९३९ दलित, १३२३२ जना छात्रा, ११ जनालाई द्वन्द्वपीडित र २७२ जनालाई सिमान्तकृत छात्रवृति उपलब्ध गराइएको छ । मावि तहमा दलित ३४८ जना, सीमान्तकृत २६ जना, ८३५ जनालाई माध्यमिक शिक्षा, २३ जनालाई अपांग र ५ जनालाई द्वन्द्वपीडित छात्रवृति उपलब्ध गराइएको छ ।<br>७८ विद्यालयहरुमा कम्प्युटर व्यवस्था र १५ विद्यालयमा पुस्तकालयको व्यवस्था गरिएको छ । | |
| | | कक्षा १ देखि १२ सम्मका ३२०४८ जनाले पाठ्यपुस्तक पाएका छन् । | |
| | | आधारभूत तहमा ७८४ जना शिक्षकहरुले पेशागत तालिम पाएका छन् । | |
| | | भौतिक तर्फ ५६ वटा २ कोठे विद्यालय निर्माण । ६ वटा विद्यालय ममर्त । २२ वटा छात्रा शौचालय निर्माण । | |
| राष्ट्रिय साक्षरता कार्यक्रम | साक्षरोत्तर कार्यक्रम संचालन गर्ने । | साक्षरोत्तर कार्यक्रम अन्तर्गत २६०४ महिला र १५४ पुरुष गरी जम्मा २७५८ जना लाभान्वित भएका छन् । | |

## ५. सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. अघिल्लो वर्षका प्रयत्नहरुलाई निरन्तरता दिइएको ।

ख. विद्यालयहरुले आफ्नो विद्यालयको विषयगत, कक्षागत र तहगत सिकाई उपलब्धि निकाली आगामी वर्षका लागि प्रक्षेपण योजना अद्यावधिक गरी कार्यान्वयन भइरहेको छ

ग. निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा कार्यान्वयन गर्न ३ देखि १६ वर्ष उमेर समूहका बालबालिकाको नामनामेशी संकलन गरी भर्नाका लागि प्रयास गरिएको छ ।

घ साक्षर र निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा सुनिश्चित भएको गाविस घोषणा गर्ने कार्य शुरु गरिएकोछ ।

ङ समूहगत अनुगमन गरी विद्यालयहरुसँग अन्तरक्रिया र सुझाव लिने दिने कार्य भइरहेको छ ।

च कार्यालयले सम्पादन गर्ने कार्यक्रम र प्रगति चौमासिक रुपमा सार्वजनिक गर्ने गरिएको छ ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| विद्यार्थी भर्ना | • प्राथमिक तहमा बालक ११३३६ (४९.७६ प्रतिशत) र बालिका ११४४७ (५०.२४ प्रतिशत) गरी जम्मा २२७८३ जना रहेका छन् । जसमा दलित २३२२ (१०.१९ प्रतिशत) र जनजाती १५०२८ (६५.९६) जना र अन्य २३.८५ प्रतिशत रहेका छन् ।<br>• बालविकास केन्द्रमा बालक २२५४ र वालिका २२६४ गरी जम्मा ४५८१ जना भर्ना भएका । जसमध्ये दलित ४६८ र जनजाती समुदायबाट २६४० जना रहेका ।<br>• संस्थागत विद्यालयको भर्ना छात्रा ९८४ र छात्र १२०५ गरी जम्मा २१८९ रहेको छ । जसमा दलित १६१ र जनजाती १३३५ जना रहेको छ ।<br>• विद्यालय भर्ना बालिका ४८.२८ प्रतिशत र बालक ५१.७२ प्रतिशत रहेको छ । दलितको भर्ना प्रतिशत ९.३८ र जनजातीको ५९.२७ प्रतिशत रहेको छ । |
| पहुँच अभिवृद्धि (समाहित तथा समावेशीकरणका लागि भएका कामहरु) | • अपांगता भएका आधारभूत तहमा २५९ जना र माध्यमिक तहमा २३ जनालाई छात्रवृति प्रदान ।<br>• दलित छात्रवृति अन्तर्गत आधारभूत तहमा २९३९ जना र माध्यमिक तहमा ३४८ जनाले छात्रवृति पाएका छन् ।<br>• सिमान्तकृत समुदाय अन्तर्गत आधारभूत तहमा २७२ जना र माध्यमिक तहमा २६ जना ।<br>• छात्रा छात्रवृति अन्तर्गत १३२३२ जनालाई छात्रवृति प्रदान गरिएकोछ ।<br>• द्वन्द्व पीडित प्राथमिक तह ५ ,नि.मा.वि. तहमा ६ र माध्यमि तहमा ५ गरि १६ जनालाई छात्रवृति प्रदान गरिएकोछ ।<br>• उच्च माध्यमिक विद्यालयका विज्ञान विषयका ३२ जनालाई छात्रवृत्ति उपलव्ध गराईएको ।<br>• १ देखि १० कक्षा सम्मका सबै विद्यार्थीहरुका लागि शैक्षिक सामग्रीका लागि बजेट निकासा । |

| | |
|---|---|
| गुणस्तर सुधार तथा शिक्षक तालिम | • आधारभूत तहमा ३०९ जना र माध्यमिक तहमा ५७ जनालाई तालिम उपलब्ध गराइएको । ६ र ७ अध्यापन गर्ने २१४ शिक्षकहरुलाई प्रवोधिकरण तालिम<br>• २२ वटा विद्यालय भवन निर्माण र १३ वटामा मर्मत सहयोग उपलब्ध गराइएको । २ कोठे भवन ५६,४ कोठे ६ वटा भवन निर्माण भएको, ६ वटा विद्यालय मर्मत र ३२ विद्यालयको पुनस्थापना तथा फर्निचर व्यवस्थापन भएको छ । |
| साक्षरता अभिवृद्धि | • जिल्लाको कूल १६८८५० मध्ये १५ वर्ष देखि ६० वर्ष उमेर समूहसम्मको साक्षरता प्रतिशत ८३.९१ प्रतिशत रहेको ।<br>• गत वर्ष ७३ प्रतिशत रहेको साक्षरता दर यस पटक १०.९१ प्रतिशतले वृद्धि भएको देखिएको छ । जसमा महिला साक्षरता ८१.६५ प्रतिशत रहेको छ ।<br>• भर्ना सुनिश्चित भएका ३१२ विद्यालय १५००का दरले अनुदान दिईएको |
| शौचालय भएका विद्यालय | • ६वटा विद्यालयमा शौचालयको व्यवस्था भएकको । यस वर्ष २२ वटा थप गरिएको छ । छात्रा शौचालय २२ वटा, अन्य शौचालय ३२ वटा निर्माण भएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :

क. धनकुटा जिल्लालाई पूर्ण साक्षर र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित भएको गाविस तथा जिल्ला घोषणा गर्ने कार्यमा साझा पहल भए पनि आशा अनुरुप प्रगति देखिएको छैन ।

ख. तेस्रो चौमासिकका लागि विनियोजित बजेट कटौती हुने तथा ढिलो प्राप्त हुँदा कार्यक्रम संचालन हुन नसक्दा तथा समयमा कार्य सम्पन्न गर्न कठिनाइ भएको छ ।

ग. शैक्षिक अनुगमन निरीक्षणमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ सक्रिय हुन सकेको छैन ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. धनकुटा जिल्लालाई पूर्ण साक्षर र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा सुनिश्चित भएको गाविस तथा जिल्ला घोषणा गर्ने कार्यका लागि साझा कार्यक्रम प्रस्ताव हुनुपर्ने र सो को कार्यान्वयन सबै पक्षबाट हुनुपर्ने ।

ख. विकास साझेदारहरुसँग सहयोग सम्झौता हुँदा संचालित कार्यक्रमहरु कार्यान्वयनको क्रममा प्रभावित नहुने व्यवस्थाका लागि पहल गरिनुपर्ने ।

ग. अनुगमन तथा निरीक्षणमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई सक्रिय बनाउन थप प्रयास हुन आवश्यक छ ।

## ७.३ महिला तथा वालवालिका कार्यालय

**१. विषयगत कार्यालय :** महिला तथा वालवालिका कार्यालय

**२. लक्ष्य**

पिछडिएका र विपन्न महिलाहरुलाई चेतना जागरण, क्षमता विकास र सामाजिक परिचालनको माध्यमबाट आर्थिक, सामाजिक एवं राजनैतिक मूलप्रवाहीकरण गर्ने ।

**३. मूख्य उद्देश्य**

क. महिला सशक्तिकरण गरी लैंगिक मूलप्रवाहिकरण गर्ने, गराउने ।

ख. सामाजिक कुरीति, चेलिबेटी बेचविखन, देहव्यापार, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण बढाउने ।

ग. श्रोत साधन र रोजगारका अवसरमा महिला वर्गको पहुँच तथा समानुपातिक नियन्त्रण स्थापनाका लागि पहल तथा समन्वय गर्ने ।

घ. सामाजिक कुरीति, चेलिबेटी बेचविखन, देहव्यापार, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि पुरुष वर्गको समेत सहभागितामा सामाजिक जागरण बढाउने ।

ङ. महिला, वालवालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र गैह्रसरकारी संस्थाहरुको समन्वयकर्ता, सम्पर्क सुत्र र सहजकर्ताको भूमिका निर्वाह गर्न सम्पर्क निकाय भइ कार्य गर्ने

च. वालअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने ।

### ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| **संचालित कार्यक्रम / आयोजनाको नाम** | **लक्ष्य** | **उपलब्धि** | **कैफियत** |
|---|---|---|---|
| महिला विकास कार्यक्रम | ८ गाविसहरुमा विस्तार | स्थानीय पार्टी प्रतिनिधिहरु तथा गाविस कर्मचारीहरु र अन्य समुदायलाई कार्यक्रमबारे जानकारी गराइएको । | |
| समूह गठन र परिचालन | ४८ समूहमा | २४० जना व्यक्तिहरु समूहमा आवद्ध भएका । | |
| किशोरी शैक्षिक सूचना केन्द्र स्थापना | १ वटा | आहाले गाविसमा १ वटा केन्द्र स्थापना भएको । | |

| | | | |
|---|---|---|---|
| निस्कृय समूह गठन र वचत परिचालन | ७२ वटा | मविका भित्र समेटिन नसकेर निस्कृय रहेका महिलाहरुलाई ७२ वटा समूहमा आवद्ध गरी बचत संकलन र परिचालन गरिएको । | |
| आधारभूत ७ दिने तालिम | ६० जना | ६० जना सदस्यहरुलाई कार्यक्रम तथा बचत संकलन र परिचालन भइरहेको । | |
| जीवनपयोगी तालिम १० दिने | ३० जना | विद्यालय जानबाट वञ्चित र छाडेका जनजाती तथा दलित महिला किशोरीलाई तालिम दिएको । | |
| सामूहिक खेती | १ स्थान | मुढेबास सहकारी संस्थामा कार्यक्रम गरी रु १५० हजार प्रदान गरिएको । | |
| दिवसीय कार्यक्रम | ३ वटा | नारी दिवस, महिला हिंसा विरुद्धको १६ दिने अभियान र वाल दिवस | |
| लैंगिक हिंसा न्यूनीकरण | कोष स्थापना | रु. ४० हजार जम्मा भएको छ । १२८ वटा घटनाहरु दर्ता भएका छन् | |
| लोकसेवा तयारी कक्षा संचालन | पुर्वान्चल स्तरीय १६ जिल्लाका ३५ जनालाई दिइएको । | निजामती सेवा प्रतिम ोहमा वढोत्तरी भएको । | |
| समुदायमा लैंगिक हिंसा न्यूनीकरणका लागि लैंगिक हिंसा कोष | मुढेबासमा रु. २० हजार प्रदान गरिएको । | | |
| स्थानीय सम्भाव्यता हेरी आर्थीक आत्मनिर्भरताका लागि सर्वोत्तम अवसर पहिचान तथा कार्ययोजना तयारी | ३ स्थान | अति विपन्न महिलाहरुलाई उपयुक्त व्यवसाय छनौट गर्न सहयोग । | |
| सीप विकास तालिम | | बाखा पालन गर्ने तरिका तथा अन्य प्राविधिक ज्ञान प्रदान -जिल्ला पशुसेवा कार्यालयको सहयोगमा ) | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. समयगत लचकता अपनाइन थालेको ।

ख. सूचना प्रवाह गरी सरोकारवालाहरुलाई जानकारी दिन थालिएको ।

ग. कार्यक्रमको उपलब्धिलाई नतिजासंग जोड्न थालिएको ।

घ. अनुगमन तथा मूल्यांकन वास्तविक रुपमा शुरु गरिएको ।

ङ. सेवा, सुविधा प्राप्त गर्न पुर्याउनु पर्ने पक्रियाको बारेमा तल्लो तहसम्म पुगेर जानकारी गराइएको ।

च. कम समयमा नै सेवाग्राही प्रति सेवा तथा सुविधा पुर्याउन प्रतिवद्ध रहेको ।

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| बालविबाहको संख्या | • ३ वर्ष विचमा १३५० जना २० वर्ष भन्दा कम व्यक्तिहरुको विवाह दर्ता भएको ।<br>• उमेरगत रुपमा १३ देखि १८ वर्ष उमेर समूहमा विवाह भएको ।<br>• निर्वाचन क्षेत्र नं. १ मा वालविवाह वढी देखिएको । |
| सामाजिक विकृति विसंगती | • घरेलु हिंसा न्यूनीकरणका लागि गाविस स्तरमा कार्यक्रम गरी सचेतना वृद्धि गरिएको ।<br>• मानव वेचविखन कम गर्न चौमासिक रुपमा सरोकारवालाहरुसँग छलफल गर्ने गरिएको । |
| सामाजिक सुरक्षा | • औषधीउपचार ऐनले तोकेबमोजिम वितरण गरिएको ।<br>• एकल महिलाको सशक्तिकरण एवं क्षमता विकास सम्वन्धी कार्य समन्वयमा गर्ने गरिएको ।<br>• अपांग परिचय पत्र वितरण १५० जनालाई गरिएको ।<br>• सिबीआर कार्यक्रम<br>• जीवनउपयोगी सीप जनजाती र दलित महिला -किसोरी) लाई दिइएको । |
| बालश्रमको अवस्था | • जिल्लामा करिब २५० जति रहेको अनुमान ।<br>• नगर क्षेत्रमा करिब सो को ४० प्रतिशत जति रहेका ।<br>• न्यूनीकरणका लागि बालक्लब तथा उपसमिति र सरोकारवालाको सहभागितामा कार्यक्रम गरिएको । |
| बालक्लवको अवस्था | • जिल्लामा गाविस स्तरीय २७ वटा वालक्लब रहेको । नगर क्षेत्रमा ८ वटा क्लब र नगरस्तरीय संजाल रहेको ।<br>• क्षमता विकास कार्यक्रम गर्ने गरिएको । |

| | |
|---|---|
| महिला हिंसा | • यो वर्ष १२८ महिला हिंसाका घटनाहरु जानकारीमा आएका । प्रत्येक तालिममा महिला हिंसाबारे जानकारी गराउने गरिएको ।<br>• महिला पुनर्स्थापना केन्द्रलाई सहयोग गरि हिंसापीडित महिलाहरुलाई अल्पकालीन सहयोग गर्ने गरिएको ।<br>• कानूनी सहयोगका लागि वार इकाईसँग समन्वय गरिएको । |
| सामाजिक परिचालनको क्षेत्र | • ३५ समूह, गाविसमा ९५६ वटा<br>• वचत समूहमा ३४ लाख ७५ हजार<br>• समूहमा ३५ लाख ५५ हजार<br>• संस्थामा ७३ लाख ४६ हजार बचत भइरहेको । |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू :

क. कार्यक्रम प्रति पुरुष सहभागिता न्युन रहेकोले समविकास सम्वन्धी भावना बढ्न नसकेको ।

ख. केही समूह तथा समितिहरु निस्कृय हुने । निरन्तर कार्यक्रम उपलब्ध गराउन नसकिएको ।

ग. उस्तै समूहहरु अन्य संस्थाले संचालन गर्ने र एउटै हो भन्ने भान महिलाहरुमा पर्ने गरेको ।

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. कार्यक्रम बढी भन्दा बढी गाविस स्तरमा हुनुपर्ने ।

ख. पुरुषहरुप्रति कार्यक्रमको मोह बढाउने खालका कार्यहरु गर्नुपर्ने ।

ग. लक्षित समूहको रकम यस्ता समूह समिति मार्फत परिचालन हुनुपर्ने ।

घ. कार्यक्रमलाई थप गुणात्मक सुधार गर्दै लैजानुपर्ने ।

## ७.४ जिल्ला विकास समितिको कार्यालय, धनकुटा

**१. विषयगत कार्यालयको नाम :** जिल्ला विकास समितिको कार्यालय

**२. लक्ष्य**

ग्रामिण क्षेत्रको आर्थिक, सामाजिक र भौतिक पूर्वाधारको विकासमा उच्च प्राथमिकता दिंदै पूँजीको निर्माण र परिचालन गर्ने क्रममा ग्रामिण अर्थतन्त्रलाई मजबुत स्वाबलम्बी बनाउन सहयोग पुऱ्याउनु ।

**३. मूख्य उद्देश्य**

क. सहभागितात्मक योजना तर्जुमा र दिगो विकास गर्नु ।
ख. दिगो कृषि प्रणाली स्थापित गर्नु ।
ग. लैंगिक समानता र सामाजिक समावेशीकरण गरी सामाजिक न्यायको प्रवर्द्धन गर्नु ।
घ. स्थानीय निकायको संस्थागत विकास गर्नु ।
ङ. सामाजिक तथा समावेशी विकास नीति अवलम्बन गरी सहभागीतामूलक अनुगमन तथा मूल्यांकन प्रकृयालाई संस्थागत गर्नु ।
च. ग्रामिण पूर्वाधारको स्तरोन्नती गर्नु ।
छ. सुशासन प्रवर्द्धन गर्नु ।
ज. विकास साझेदारहरु, विषयगत कार्यालयहरु, गैससहरु तथा विभिन्न निकायहरुवीच समन्वय गर्नु

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| सडक निर्माण तथा मर्मत | चौडाई बढाउने र मोड सुधार : ८२७६ मिटर<br>ढुङगा सोलिङ : १९८९ मि<br>मेसिनरी पर्खाल : १६५ मि<br>सुख्खा ढुङगा पर्खाल : ७६ मि<br>तारजाली लगाउने : ५१८ मि<br>ढुङ्गा काट्ने : ७२ मि<br>पहिरो सफा गर्ने : ५७०० मि<br>नयाँ ट्रयाक खोल्ने : ३१३० मि | जम्मा ३ वटा कार्यक्रम अन्तर्गत ५० वटा सडकहरुमा मर्मत भएको ।<br>१०० प्रतिशत उपलब्धि भएको ।<br>८४४२४ जना लाभान्वित भएको<br>९५३० रोजगारी सिर्जना भएको । | |
| खानेपानी योजना | ८ वटा योजनाहरुमा ३.५७२ कि.मि पाइप खरिद गरिएको | ९२०८ जना लाभान्वित भएका छन् योजनाले ४२ रोजगारी सिर्जना | |

| | | | |
|---|---|---|---|
| | | गरेको छ । | |
| खुल्ला दिसामुक्त अभियान | १० गाविसहरु खुल्ला दिसामुक्त घोषणा गर्ने | १० वटा गाविसहरु खुल्ला दिसामुक्त घोषणा भएका छन् ।<br>स्थानीय रोजगारी ५२ वटा सिर्जना भएको छ । | |
| सिंचाइ योजना | १० वटा योजनाहरुमा<br>२१४ मिटर पाइप खरिद<br>पक्की कुलो निर्माण ४१६ मिटर<br>इन्टेक निर्माण १ वटा | १०० प्रतिशल उपलब्धि भएको ।<br>१६४६ परिवार लाभान्वित भएका ।<br>८२२७ रोपनी जमिनमा सिंचाइ सुविधा व्यवस्थित भएको छ । | |
| भवन निर्माण | योजना संख्या ६ वटा<br>४ वटा भवन मर्मत<br>भवन निर्माण १ वटा<br>फर्निचन सहयोग १० जोर | १०० प्रतिशत उपलब्धि | |
| झोलुंगेपुल निर्माण | ५ वटा | ४ वटा सम्पन्न<br>लाभान्वित जनसंख्या : ९१०१<br>रोजगारी सिर्जना दिन : ३४१६ | |
| युवा स्वरोजगार कार्यक्रम | १० वटा विभिन्न गतिविधिहरु संचालन गर्ने । | ८६५ महिला र १२२७ पुरुष गरी जम्मा २०९२ जना लाभान्वित भएका । जसका लागि ७६० हजार खर्च भएको । | |
| लक्षित समुदाय विकास कार्यक्रम | दलितवर्ग उत्थान कार्यक्रम २७ वटा आदिवासी जनजाति कार्यक्रम २७ वटा, अपाङ्ग सहयोग कार्यक्रम २ वटा, महिला विकास कार्यक्रम २९ वटा, जेष्ठ नागरिक कार्यक्रम, २ वटा वाल विकास कार्यक्रम ७ वटा । | लक्षित कार्यक्रमहरु सम्पन्न भएका । जस अन्तर्गत : दलितवर्ग उत्थान कार्यक्रम १०७ महिला र १२७ पुरुष, आदिवासी जनजाति कार्यक्रम २५७ महिला र ११७ पुरुष, अपाङ्ग सहयोग कार्यक्रम ४० महिला र ६५ पुरुष, महिला विकास कार्यक्रम ५१० महिला र २४८ पुरुष, जेष्ठ नागरिक कार्यक्रम, ३४ महिला र २८ पुरुष, वटा वाल विकास कार्यक्रम १६६ महिला र १९६ पुरुष गरी जम्मा १११० महिला र ७८१ गरी जम्मा १८९१ जना लाभान्वित भएका । | |
| सामाजिक परिचालन कार्यक्रम | सेवा प्रदायक संस्थाहरु मार्फत सामाजिक परिचालन गर्नु । | ३५ गाविसमा सामाजिक परिचालन । नागरिक सचेतना केन्द्र : ३५ वटा ( सदस्य संख्या : ८७५ जना, ५७६ | |

| | | | |
|---|---|---|---|
| | | जना महिला र २९९ जना पुरुष)<br>वडा नागरिक मञ्च : ३१५ वटा ( सदस्य संख्या ७८७५ जना ।<br>(महिला ३२५१, पुरुष ४६२४) | |
| क्षमता विकास कार्यक्रम | ५० वटा | सामाजिक परिचालक, राजनीतिक दलका प्रतिनिधि र कर्मचारीहरुको क्षमता विकासका लागि तालिम र अध्ययन अवलोकन भ्रमण कार्यक्रम संचालन गरेको ।<br>जिविस अन्तर्गत भएका गतिविधिहरुबाट ६१७ महिला र १०१३ जना पुरुष गरी जम्मा १६३० जना लाभान्वित भएका । | |
| सामाजिक सुरक्षा कार्यक्रम | १०६६१ जनालाई सामाजिक सुरक्षा भत्ता वितरण | जिल्लामा जम्मा १०६६१ जनामा रु. ६१४०३९५० वितरण गरिएको ।<br>जम्मा ७४२ जनाको लगत कट्टा गरिएको छ ।<br>२१७९ महिला र २६४२ पुरुष गरी जम्मा ४८२१ जनाले ज्येष्ठ नागरिक भत्ता प्राप्त गरेको ।<br>एकल महिला १९८७, असहाय विधवा भत्ता १७२० जनाले प्राप्त गरेको ।<br>पूर्ण अशक्त अपांग भत्ता महिला १२०, पुरुष १३९ गरी जम्मा २५९ जना र आंशिक अशक्त महिला २१ र पुरुष १९ जनाले प्राप्त गरेको ।<br>दलित ज्येष्ठ नागरिकहरु ४३७ महिला र ४१० पुरुष गरी जम्मा ८४७ जनाले भत्ता प्राप्त गरेको ।<br>दलित वालवालिकाहरुमा ४४९ जना वालिका र ५०८ जना वालकहरुले भत्ता प्राप्त गरेको ।<br><br>सुरक्षा भत्ता पाउनेहरुको नामावली प्रकाशन गरेको । | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. अघिल्लो वर्ष गरिएका सुधारहरुलाई निरन्तरता दिइएको ।

ख सडक निर्माणलाई बाह्रै महिना निरन्तर दिनका लागि सडक योजनाहरुमा संरचना निर्माणमा तिब्रता तथा मर्मत कार्यलाई प्राथमिकता दिइएको ।

ग स्थानीय तहमा रोजगारी प्रवर्द्धन गर्ने सीपमूलक कामहरुलाई प्राथमिकता दिने नीति तर्जुमा ।

घ. सामाजिक सुरक्षा भत्ता वितरण बैंक मार्फत गर्ने प्रक्रियालाई निरन्तरता दिइएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| लक्षित समुदाय विकास कार्यक्रम | • ११ लाख ५४ हजार ७६७ रकम आदिवासी जनजाती उत्थान तथा विकास कार्यक्रम । जम्मा २५ वटा क्रियाकलापहरु ७ वटा ग्रामिण सडक, ७ वटा संस्कृति संरक्षण, १ वटा भवन छाउने काम र बाँकी सचेतना सम्वन्धी गतिविधिहरु संचालन गरिएको छ ।<br>• १ वटा वैठक बसेको छ ।<br>• जम्मा प्रत्यक्ष ३७० जना लाभान्वित भएको ।<br>• ११ सदस्यीय समितिको गठन भएको ।<br>• अपांग समन्वय समिति अन्तर्गत १५५८४० खर्च भएको । जसमा धनकुटा नेत्रहिन संघलाई घडी खरिदका लागि रु. कर स्टाइलस छडि खरिद ३०००० (२० जनाका लागि), सहायक सामग्री आवश्यकता प्रयोग सम्वन्धी क्षेत्रीय सचेतना र शिवीर संचालनका लागि रु. ११३ हजार खर्च गरेको छ । जसबाट १०५ जना लाभान्वित भएका छन् ।<br>• दलित तर्फ जम्मा रु १०२८९४० खर्च भएको । २४ वटा गतिविधिहरु ।<br>• ६ वटा सडक, ६ वटा सचेतना कार्यक्रम, क्षमता विकास तर्फ २ वटा, ३ वटा तालिम प्रदान (३० जनालाई) २ वटा खानेपानी योजना संचालन, १ जनालाई विज्ञान संकाय अध्ययनका लागि रु. १००००, छात्रवृति प्रदान गरेको ।<br>• महिला लक्षित कार्यक्रम अन्तर्गत १०७६४०० विनियोजन । जम्मा २१ वटा क्रियाकलापहरु संचालन गरियो ।<br>• ९ वटा सचेतना कार्यक्रम, १ वटा आयमूलक कार्यक्रम ३ वटा सीपमूलक तालिम, अदुवाको जुस १० जना, व्युटीपार्लर ४, सिलाई पुनर्ताजगी), वर्थींग सेन्टर निर्माण, भवन निर्माण तथा मर्मत ३ वटा संचालन भएका छन् ।<br>• महिलासँग सम्वन्धित कार्यक्रमहरुबाट जम्मा ७५८ जना लाभान्वित भएका देखिन्छन् ।<br>• ग्रामिण क्षेत्रमा रहेका ४३१ जना महिलाको आंग खस्ने स्वास्थ्य परीक्षण गरिएको । |

| | |
|---|---|
| | • २९ जनाको पाठेघरको अप्रेसन गरिएको ।<br>• वालवालिका सम्वन्धी कार्यहरुमा वाल पार्श्वचित्र निर्माण रु ४९०८३६<br>• माया अनाथ आश्रम धनपा ४ लाई रु २५ हजार<br>• मदन आश्रीत वाल गृह संचालन रु ५००००<br>• साक्षरता प्रवर्द्धन रु ३००००<br>• वालक्लव प्रवर्द्धन २००००<br>• ज्ञानोपार्जन निमाविको कम्प्युटर कक्ष मर्मत रु २५०००<br>• प्राथमिक विद्यालयका लागि फर्निचर खरिद एवं हस्तान्तरण ३५४१६४ । |
| सामाजिक परिचालन कार्यक्रम | • सामाजिक परिचालन : ३५ बटा गाविसहरुमा सामाजिक परिचालन भइरहेको । ३५ जना सामाजिक परिचालकहरु परिचालित भइरहेका । नागरिक सचेतना केन्द्र : ३५ वटा<br>• १४ वटा जीविकोपार्जन योजनामा १४ लाख खर्च भई ३५० जना लाभान्वित भएका ।<br>• वडा नागरिक मंचबाट २५५५ वटा योजना माग भएकोमा ७६ वटा स्वीकृत भएका ।<br>• वडा नागरिक मंचहरुले जम्मा ३७८० वटा वैठक सम्पन्न गरेका । |
| क्षमता विकास | • क्षमता विकासका लागि जम्मा २०४० हजार रकम विनियोजन गरिएको ।<br>• २ वटा अध्ययन अवलोकन भ्रमण सम्पन्न गरियो । समुदाय सहयोग कार्यक्रम अन्तर्गत भएको भ्रमणमा ८ जनाको सहभागिता रहेको थियो ।<br>• सिन्धुपाल्चोक भ्रमणमा १४ जनाको सहभागिता रह्यो ।<br>• सामाजिक परिचालकहरु ३५ जनालाई वातावरणमैत्री स्थानीय शासन सम्वन्धी तालिम ।<br>• सोही तालिम जिविस कर्मचारी र राजनीतिकदलका प्रतिनिधीहरु ३५ जना<br>• पत्रकार सहित अन्यलाई ३५ जना<br>• एमसिपिएम सम्वन्धी गाविस सचिव र मूल्यांकनकर्ताहरु लाई अभिमूखिकरण । |
| रोजगारी सिर्जना | • विभिन्न भौतिक पूर्वाधारका कामहरुबाट जम्मा १७३८२ दिन रोजगारी सिर्जना भएको । |
| विकासमा समान सहभागिता | • लक्षित समुह समन्वय समिति मार्फत सहभागिता अभिवृद्धिमा जोड दिइएको ।<br>• नासके, वडा नागरिक मंच र लक्षित समूह विकास कार्यक्रममा महिला सहभागिता वढी देखिएको छ ।<br>• लक्षित समूह विकास कार्यक्रमले लक्षित वर्गको पहुँग अभिवृद्धि गर्नका साथै विकासमा समान सहभागिताको अवसर सिर्जना गरेको छ । |

| | |
|---|---|
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको सेवा तथा दिइएको विशेष अवसरहरू | • महिला, आदिवासी तथा जनजाती समन्वय समिति, दलित समन्वय समिति र अपांग समन्वय समितिहरुको नियमित वैठक सम्पन्न भइरहेको ।<br>• लक्षित समूह विकास कार्यक्रम अन्तर्गतका विशेष कार्यक्रमहरु ९४ वटा सम्पन्न भएका छन् । जसबाट १८९१ जना लाभान्वित भएका छन् । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. कार्य सम्पादन उच्च भएपनि जनताको माग पुरा गर्न नसकिएको
ख. श्रोतको अपर्याप्तता ।
ग. क्षमता विकासको यथेष्ठ र समयानकुल लगानी हुन सकेन ।
घ. विकासको स्वामित्व वोध कम भएको ।
ङ. सडक निर्माणमा जनसहभागिता स्वस्फूर्त वन्न नसकेको ।
च. जि.वि.स. र गा.वि.स.को निर्वाचन नभइ जनप्रतिनिधिविहीन ।
छ. प्राप्त अनुदानबाट ठुला योजना वनाउन सकिएन ।
ज. अत्यन्त साना कार्यक्रममा श्रोत छरिएको ।
ञ. विगत लामो समय देखि बाँकी रहेको पेश्की र बेरुजु फछ्र्यौट गर्न कठिनाइ भएको
ट. समयमा कार्यक्रम तथा बजेट नआएको कलाारणले कार्यान्वयनमा समस्या ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. स्थानीय निकायका परिषदले निर्णय र सिफरीस गरेका योजनाहरुमा पर्याप्त रकम विनियोजन हुनुपर्ने ।
ख. जनताको जीवनस्तरमा रुपान्तरण हुने योजनाहरुमा मात्र लगानी प्रवर्द्धन गर्नुपर्ने ।
ग. उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि मार्फत जनपरिचालन बढाउनुपर्ने ।
घ सामाजिक विकासका सूचकहरु समेट्ने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने ।
ङ नयाँ ढाँचा निर्माण, परिवर्तन, संशोधन तथा कार्यान्वयन गर्न पूर्व कार्यान्वयन तहमा छलफल गरिनुपर्ने ।

## ७.५ जिल्ला पशुसेवा कार्यालय

**१. विषयगत कार्यालयको नाम :** जिल्ला पशु सेवा कार्यालय

**२. लक्ष्य**

**पशु प्रसार सेवा उपलब्ध गराउनु । जस अन्तर्गत ।**

क. आहारा सेवा

ख. नश्ल सुधार कार्यक्रम

ग. पकेट प्याकेज कार्यक्रम

**३. मूख्य उद्देश्य**

क. पशुजन्य पदार्थबाट पौष्टिक तत्वको आवश्यकता पूर्ति गर्ने ।

ख. हरियो घाँसको आपूर्ति गर्न समयानुकुल घाँस लगाउन कृषकलाई उत्पादन लागत कम गराउन सहयोग गर्ने ।

ग. स्थानिय पशुहरुमा नश्ल सुधार गर्ने

घ. कृषकहरुलाई समुहगत रुपमा सेवा पुऱ्याउने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| कार्यक्रमको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| पशु सेवा प्रसार<br>नश्ल सुधार<br>कृक्रिम गर्भाधान | १२०० गाई र ३०० भैंसीमा नश्ल सुधार | १३६३ उन्नत र ४५९ वटा लोकल गाईहरुमा कृत्रिम गर्भाधान गराइएको । | |
| कृत्रिम गर्भाधान मिसन | गाई १००० | ५३२ गाईमा कृत्रिम गर्भाधान गरेको । सो बाट ४० प्रतिशत बाच्छा बाच्छी उत्पादन भई उन्नत खालको नश्ल उत्पादन भएको । | |
| पकेट प्याकेज कार्यक्रम | सिंधुवा, मारेककटहरे, पाखीबासमा ७० वटा गाई ढुवानी अनुदान । | ७० वटा लैनो गाईबाट दैनिक २०१ मे.ट. दुध उत्पादनमा वृद्धि भएको देखिन्छ । | |
| चरण तथा आहारा विकास कार्यक्रम | जै. १५ हेक्टर<br>लियोहेन्टी १० हेक्टर<br>स्टफ्लो १५ हेक्टर | विभिन्न पकेट क्षेत्र तथा सामुदायिक वनमा लगाई दुध उत्पादनमा लागत कम गरिएकोछ | |
| पकेट प्याकेज कार्यक्रम, आयआर्जन तर्फ | बाखा ४२ गोटा<br>बंगुर ६६ गोटा | बाखा, बंगुर पालन गरी पिछडिएको महिलाहरुलाई आय आर्जनमा टेवा पुगेको । | |

**५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

क. आय आर्जनका लागि विपन्न महिलाहरुमा बाख्रा ४२ र बंगुर ६६ वटा वितरण गरिएको

ख. गाई पकेट कार्यक्रमबाट व्यवसायिक रुपमा पालिएका कृषकहरुलाई ढुवानी अनुदानमा गाई खरिदगरी ल्याएको र दुध उत्पादनमा वृद्धि भएको ।

ग. विभिन्न जातका घाँसको विउ वृद्धिमा सहयोग गरिएको ।

**६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :**

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| गरिवी निवारण प्रयासहरु | • आय आर्जनमा टेवा पुगेको । |
| सेवामा पहूँच | • सेवाकेन्द्रहरुमा १ घण्टामा कृषकहरु पुग्ने सम्भावना रहेको छ । |
| रोजगारी सिर्जना | • गाई पालनमा ढुवानी भएका ७० जना कृषकहरुमा थप रोजगारी सिर्जना भएको देखिन्छ । |
| वातावरण सुधारका लागि भएका प्रयत्न | • पशु पालनबाट उत्पादन हुने अर्गानिक फर्टिलाइजरबाट तरकारी खेतीमा प्रयोग गरी वातावरण सुधारमा सहयोग पुगेको छ । |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

क सवारी साधन (पिक–अप) को अभाव रहेको ।

ख कार्यालय भवनमा कोठा संख्यामा कमी भएको ।

ग आवास भवनको कमी ।

घ पदस्थापना भई कर्मचारी सरुवा हुदाँ कर्मचारीको अभाव हुने देखिएको ।

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

क दरवन्दी अनुसार कर्मचारी पदपूति गर्न आवश्यक देखिन्छ ।

ख क्षेत्रीय सदरमुकाममा रहेको जिल्ला पशु सेवा कार्यालयमा सवारी साधन व्यवस्था हुनुपर्ने ।

## ७.६ जिल्ला कृषि विकास कार्यालय

### १. विषयगत कार्यालय/संस्थाको नाम : कृषी विकास कार्यालय, धनकुटा

### २. कार्यालयको लक्ष्य

*कृषी उत्पादनको अभिवृद्धि ,धनकुटा जिल्लाको संमृद्धि*

### ३. मूख्य उद्देश्य

क. गरिवी न्यूनिकरणका लागि फलफूल, हाईव्रेट वीउ, औजार अनुदान तथा निशुल्क उपलव्ध गराई गरिवी न्यूनिकरण गर्ने

ख. नयाँ नयाँ प्रविधीहरुको विकास तथा विस्तार गर्ने

ग . समूह तथा सहकारीहरुको गठन, परिचालन तथा सुदृढीकरण गर्ने ।

### ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| कृषी प्रसार आयोजना<br>१ करोड ८८ लाख | प्रविधीहरुको प्रसार गर्ने | ८ हजार घरधुरीलाई सिप ज्ञान तथा तालिम प्रसार गरिएको ।<br>खेती प्रविधीमा सहजता आएको र मिनि टेलर ५० प्रतिशत अनुदानमा ४ वटा सहकारीमा उपलव्ध गराएको | प्रति टेलर ३५ हजार |
| साना सिंचाई सहकारी , सिंचाई साना सहकारी खेती स्कीम<br>३८ लाख ६२ हजार | ३२ आयोजना निर्माण गरि खेतीलाई उन्नत वनाउने | ४२ आयोजना सम्पन्न भएको<br>७०० हेक्टर थप सिंचाई सुविधा भई तरकारी खेती भई आयआर्जनमा टेवा पुगेको । पावर टेलर वितरण ( १ लाख ५० हजार) | लेफ्टीङ्गवाट सिंचाई गरिने काम नमूना कार्य भएको । |
| आलु तरकारी तथा मसला विकास आयोजना | १७ लाख ३२ हजार<br>१३ लाख ७३ हजार | ३ स्थानमा निजी अलैंची नर्सरी निर्माण<br>८० प्लास्टिक घरमा वेमौसमी तरकारी गर्ने प्रविधीको विकास ,<br>आगामी ३ वर्षमा अलैंची बगान स्थापना गर्ने | १लाख २० हजार अलैंचीको विजु विरुवा वितरण गरिएको । |
| कृषी व्यवसाय प्रवर्द्धन तथा बजार विकास आयोजना | १७ लाख को आयोजना भएको<br>३ स्थानमा तरकारी संकलन केन्द्र स्थापना गर्ने | ३ स्थानमा तरकारी उत्पादन संकलन केन्द्र निर्माण भएको<br>कृषी उपज वजारीकरण सहज भएको<br>दैनिक १०० देखी १५० जना रोजगार पाउने भएको<br>किसानको वजार मूल्य वढेको | |
| वृहत्तर मकै उत्पादन आयोजना | ८लाख ९९ हजार ८ गा.वि.स. मा मकै खेती प्रति किसानलाई उत्प्ररित गराउने । १५ | मकै को उत्पादन र उत्पादकत्वमा स्थानिय जात भन्दा वृद्धि भएको<br>खाध्यान्न आयातलाई प्रतिस्थापन भएको | |

| | | | |
|---|---|---|---|
| | हजार के.जी.। उन्नत मकैको विउँ वितरण गर्ने | | |
| भकारो सुधार कार्यक्रम | १३ लाख २५ हजार<br>जिल्लाको पशुपालनको अवस्था हेरेर भकारो सुधार गोठ निर्माण २५० वटा गर्ने मल मुत्र व्यवस्थापन गर्ने | आर्गनिक खेतीमा किसान आकर्षीत भएको<br>पशु स्वास्थ्यमा सुधार भएको | |
| नेपाल व्यापार एकिकृत रणनैतिक कृषी कार्यक्रम | ६ लाख ८५ हजार<br>६० हजार अलैंची विजु विरुवा वितरण गर्ने<br>४ प्रसोधित भट्टी निर्माण गर्ने अलैंची प्याकिङ्गका लागि प्रसोधित १००० वोरा उपलव्ध गरिने | सवै तोकिएको कुरा पूरा भएको<br>अलैंची खेती तथा व्यवसाय व्यवस्थित भएको<br>अलैंची वजार व्यवस्थित हुने भएको<br>नयाँ वगान निर्माण भएको<br>सहकारी मार्फत गर्ने | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. कार्य विवरण तयारी गरिएको ।
ख. फोकल पर्सनहरु तोकिएको ।
ग. तोकिएका कार्यालय प्रगती प्रतिवेदन तयारी गरी समिक्षा गर्ने गरिएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण -के प्रयत्न भयो ? अहिलेको अवस्था कस्तो छ ? |
|---|---|
| सेवा केन्द्र पुग्न लाग्ने समय | ६, ७ गा.वि.स. हेर्नु पर्ने, २ ३ घण्टा लाग्ने, वेला वेलामा सिविर संचालन गर्ने गरिएको र सेवा केन्द्रमा तांखुवा, राजारानी अधिकृत राखी वजेट वृद्धि भएको |
| गरिवी निवारण | मकै विउ च्याउ , वेमौषमी खेतीबाट आय आर्जन गर्ने प्रयास भएको |
| रोजगारीको अवस्था | ५००/६०० मानिसले रोजगार पाएको , युवा किसानलाई वैदेशिक रोजगारवाट आएकालाई युवा लक्षित तरकारी खेती |
| स्वरोजगार प्रयास | युवा स्वरोजगार कार्यक्रम अन्तरगत स्कीम वनाईदिएको, लोन का लागि सिफारिस ,तालिम संचालन गरिएको । |
| वातावरण सुधारका लागि भएका प्रयत्न | फलफूल का विरुवा १७ हेक्टर जमिनका लागि वितरण<br>विषदी न्यूनिकरण गर्न गोष्ठि, मलको उचित प्रयोाग |
| सामाजिक परिचालन | सि.ए.ए. संग काम भएको पर्डेप, हुसाडेक वाट वोलावट भएर तालिम संचालन भएको आंफै पनि विषदी न्यूनिकरण का लागि सामाजिक परिचालनको काम भएको । |

**७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू**

क. वजेट समयमा आउनु पर्ने । कार्य सम्पादन गर्न समस्या ।

ख. प्राविधिक विकास संगै क्षमता विकासका अवशर हुनु पर्ने

ग. न्यून वजेट हुने भएकाले देखिने खाले काम गर्ने वजेटको अभाव छ ।

घ. यातायातको साधन जिर्ण भएकाले किसानसँग प्रत्यक्ष भेट गर्ने अवशर कम छ ।

ड. सवसिडि, मूल्य निर्धारण नभएकाले किसानहरु लाई लक्षित नभएको ,

च. कार्यालयमा जनशक्ति पदपूर्ति नभएको, अफीसर पदमा जनशक्ति रिक्त भएको ।

छ. सेवा सुविधा लिने किसानहरु दोहोरिने , वास्तविक किसानहरु सेवाबाट वञ्चित हुने र नेतृत्व लिने व्यक्तिको सेवामा वढी पहुँच भएको ।

**८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू**

क. किसान मैत्री वजेट, समग्र किसानको हितको वजेट हुनु पर्ने ।

ख क्षमता विकास भएको जनशक्ति, साधन स्रोत सुधार गरि किसानसँग, प्रत्यक्ष सम्वाद हुने कार्यक्रम हुनु पर्ने

## ७.७ क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय, धनकुटा

**१. विषयगत कार्यालयको नाम :** क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालय

**२. लक्ष्य**

क. स्वच्छ खानेपानी आपूर्ति तथा सरसफाईको प्रवर्द्धन गर्नु ।

**३. मूख्य उद्देश्य**

क. समुदायमा स्वच्छ खानेपानीको क्षेत्र बढाउने ।

ख. सरसफाईमा सुधार ल्याउन प्राविधिक सहयोग गर्ने ।

ग. भइरहेका खानेपानी योजनाहरुको गुणस्तर सुधार गर्ने तथा नयाँ योजनाहरुको सम्भाव्यता अध्ययन गर्ने ।

४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| जिल्ला स्तरीय आयोजना | ९ वटा खानेपानी आयोजनाहरु संचालन गर्ने । १ वटा सम्पन्न आयोजना मर्मत गर्ने । १ वटा सर्वेक्षण गर्ने । रु. २४६१७ हजार खर्च गर्ने लक्ष्य रहेको । | २ वटा (खोकु र मुढेबास) मुगा, आयोजनाहरुको भौतिक प्रगति १०० प्रतिशत रहेको । चुंगवांग, ९१, भीरगाउँ, ७२, परेवादिन ८९, मूर्तिढुँगा १२, छिन्तांग १६, तांखुवा तेलीया २० , मुगा १६ प्रतिशत रहेको । सर्वेक्षण सम्पन्न भएको । | समग्र भौतिक उपलब्धि ८३ प्रतिशत देखिएको । वित्तिय प्रगति ८६ प्रतिशत रहेको । |
| वातावरणीय सरसफाई आयोजना | तालिम : ३०० जना । घरायसी चर्पी निर्माण : ८५०० लाभान्वित जनसंख्या : ४७००० १० वटा गाविसहरु खुल्ला | तालिम : ३०० जना चर्पी निर्माण : ८५७२ वटा लाभान्वित जनसंख्या : ४८५०४ जना यस आवको अन्त्य सम्ममा १५ वटा गाविसहरु खुल्ला दिसामुक्त घोषणा भएका । ७३०१ घरधुरी लाभान्वित भएका । | भौतिक उपलब्धि ८५ प्रतिशत । वित्तिय प्रगति : ३९०२ हजार । (६७ प्रतिशत) |

| | | | |
|---|---|---|---|
| | दिसामुक्त घोषणा गर्ने ।<br>बजेट खर्च : ५८५० हजार | | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. वास योजना अन्तर्गत खानेपानीको पनि रणनीतिक योजनाको तयारी लाई खुल्ला दिसा मुक्त अभियानलाई पूर्ण साक्षर, पूर्ण खोपयुक्त जस्ता कार्यक्रमहरुसँग जोडेर लगिएको ।

ख. प्रत्येक योजनाहरुमा सार्वजनिक धाराहरुलाई नीजि धारामा रुपान्तरण गर्ने प्रयास गरिएको ।

ग. ८०२ शिर्षकको सम्पन्न आयोजना मर्मत शिर्षकको रकमलाई खुल्ला दिसा मुक्त भएका गाविसका खानेपानी आयोजनाको मर्मतमा प्रयोग गरिएको ।

६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| सरसफाई<br>शौचालय समेत । | ● २८२५५ परिवारमा शौचालय व्यवस्था भएको । (५५४१ मा बनाउन बाँकी)<br>● १३९८७२ जनसंख्या लाभान्वित<br>● सरसफाईको कभरेज ८१ प्रतिशत देखिएको ।<br>● १५ वटा गाविसहरु खुल्ला दिसामुक्त घोषणा भएको ।<br>● यस आ.व.मा ७३०१ घरधुरीमा शौचालय निर्माण भएको । |
| स्वच्छ खानेपानी आपूर्ति | ● समग्र जनसंख्याको करिब ८०.३ प्रतिशत कभरेज देखिएको । |

७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. नेपाल सरकारको लक्ष बमोजिम शत प्रतिशत घरधुरीमा खानेपानी पुर्‍याउने लक्ष बमोजिम जिल्ला स्तरीय खानेपानी, सरसफाई तथा स्वच्छता समन्वय समितिबाट रणनीति तयार गर्न नसकिएको ।

ख. खानेपानीका श्रोतहरु सुक्दै जानु, संचालन भइरहेका आयोजनाहरुका पनि केही श्रोतहरु सुक्नु ।

ग. सम्पन्न हुने आयोजनाहरुमा मुहान विवाद ।

घ. तथ्यांकक अद्यावधिकमा समस्या, गाविसिबाट बाँडिएका पाइपबाट पानी खानेहरुको तथ्यांकमा एन एम आइ पी को सफ्टवेरमा समस्या ।

ङ. Rehab- Projects+ Appropriate technology -हालको तथ्यांकलाई २०१७ सम्म १०० प्रतिशत पुर्‍याउन जिल्लामा योजना नभएको । जिल्ला जलश्रोत समितिसँग दर्ता भएका जलश्रोत समितिहरुको तथ्यांक अद्यावधिक नभएको ।

८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. उपभोक्ता समितिहरुलाई अन्य भरपर्दो श्रोतको खोजी गर्न सुझाव दिइएको साथै श्रोत संरक्षणको लागि सुझाव दिइएको ।

ख. वास योजनामा जलश्रोत समितिहरुको तथ्यांक, खानेपानी कभरेज, दिगोपनाको कुरा उठाउनुपर्ने विषयमा सरोकारवालाहरुसँग छलफल शुरु गरिएको ।

## ७.९ जिल्ला वन कार्यालय

१. **विषयगत कार्यालय** : जिल्ला वन कार्यालय, धनकुटा

२. **कार्यालयको लक्ष्य** : वन, वन्यजन्तुको संरक्षण तथा व्यवस्थापन गरी न्यायोचित सदुपयोग गर्ने ।

३. **मूख्य उद्देश्य**

क. दिगो वन व्यवस्थापन तथा जैविक विविधता संरक्षण

ख. वन मार्फत स्थानिय उपभोक्ताको जीविकोपार्जनमा टेवा पुऱ्याई जीवनस्तर उकास्ने ।

ग. आर्थिक तथा सामाजिक विकाशको लागि वन संरक्षण, संवर्द्धन तथा सदुपयोग गर्ने ।

### ४. गत आर्थिक वर्षमा सञ्चालित विकास तथा कार्यक्रमको विवरण

| सञ्चालित कार्यक्रम | लक्ष्य | उपलब्धी | कैफियत |
|---|---|---|---|
| सामुदायिक वन विकास कार्यक्रम | वन क्षेत्रमा स्थानिय जनताको पँहुत सुनिश्चित गर्ने । | १४ सामुदायिक वन उपभोक्ता समूहको विधान कार्ययोजना नविकरण गरि प्राकृतिक श्रोतमा उपभोक्ताहरुको पहुँच सुनिश्चित भएको छ र दैनिक उपभोगका लागि आवश्यक वन पैदावार लगायत जीविकोपार्जनका अवसरहरु प्राप्त गर्न सहयोग पुगेको छ ।<br>१०३ सामुदायिक वन उपभोक्ता समूहमा अनुगमन गरी आवश्यकता अनुसार सुझाव दिईएको । | |
| बहुसरोकारवाला वन कार्यक्रम | विपन्न तथा पछाडी परेका/पारिएका मानिसहरुको जीविकोपार्जनमा सुधार ल्याउने, | विभिन्न स्थानका १२५० विपन्न घरधुरीलाई जीविकोपार्जन सुधार योजना वनाई आयमूलक कामको लागि अनुदान मार्फत जीवनस्तर उकास्न मद्दत पुगेको छ ।<br>जलवायु परिवर्तन अनुकूलन योजना वनाई समूह मार्फत कार्यान्वयन भएको छ । | |
| राष्ट्रिय वन विकाश तथा व्यवस्थापन कार्यक्रम | नेपाल सरकारद्धारा व्यवस्थित वनको संरक्षण, व्यवस्थापन तथा सार्वजनिक जग्गामा वन विकास गर्ने । | चोरी-निकासी नियन्त्रण, वन्यजन्तु संरक्षण, वन ढडेलो/आगलागी नियन्त्रण तथा अतिक्रमण नियन्त्रणका लागि प्रचार प्रसार, जनचेतना अभिवृद्धि गरिएकोले सचेतना बृद्धि भएको छ । | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरु

क. उल्लेख्य नभएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| सेवा केन्द्र पुग्न लाग्ने समय | जि.व.का. अन्तरगत ८ वटा ई.व.का.ले बढिमा ५ गा.वि.स. तथा कम्तिमा ४ गा.वि.स.मा सेवा पुऱ्याउने गरी स्थापना गरिएको छ । यसरी हेर्दा टाढाका सेवाग्राहीलाई सेवा केन्द्र सम्म पुग्न बढिमा ४-५ घण्टा लाग्ने देखिन्छ । |
| गरिवी निवारण | सामुदायिक वन उपभोक्ता समूह आफैले विपन्न घरधुरी पहिचान गरी १२५० घरधुरीमा आयमूलक कार्यक्रम सुरु गरिएको |
| रोजगारीको अवस्था | निजी तथा सामुदायिक वनको संरक्षण, व्यवस्थापन तथा सदुपयोगमा विभिन्न चरणमा विभिन्न स्तरका सीप भएको नभएका स्थानीय जनतालाई रोजगारी सिर्जना भएको । |
| स्वरोजगारको प्रयास | केही स्थानिय जनताहरुले आफ्नो निजी जग्गामा निजी वन लगाई, जडिबुटी खेती गरि त्यसको प्रशोधन तथा विक्री वितरण गरी आम्दानी गरिरहेका छन् । |
| वातावरण सुधारका लागि भएका प्रयत्न | जलवायु परिवर्तन न्युनिकरण गर्न तथा वनको हैसियतमा सुधार ल्याउन विभिन्न स्थानको १९.२५ हेक्टर क्षेत्रमा बृक्षारोपण, २ स्थानमा खानेपानी मूल संरक्षण, ८०,००० भन्दा बढि विरुवा उत्पादन गरी वितरण |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु

क. कार्यक्रमको अख्तियारी आउनमा ढिलाई

ख. बार्षिक कार्यक्रममा स्थानिय स्तरमा सुहाउदो आवश्यक कार्यक्रमको कमि

## ८. भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरु तथा सुझावहरु

क. हरेक योजना निर्माणमा स्थानिय स्तरमा सुहाउदा तथा स्थानिय जनचाहना अनुसार हुनु पर्ने ।

ख. कार्यक्रमहरु समय भित्र नै प्राप्त हुनु पर्ने

## ७.१० हुसाडेक नेपाल

**१. गैर सरकारी संस्था को नाम :** मानवअधिकार, सामाजिक सचेतन र विकास केन्द्र (हुसाडेक)

**२. लक्ष्य**

क. मानवअधिकार संस्कृतियुक्त समतामूलक समाजको निर्माणमा सहयोग पुर्‍याउने ।

**३. मूख्य उद्देश्य**

क. मानव अधिकारको अवधारणा स्पष्ट भई नसकेका संस्थाका लक्षित वर्गहरुमा आफ्नो अधिकारको बारेमा थप प्रष्टता ल्याउँदै उनीहरुको जीविकोपार्जन क्षमता अभिवृद्धि गर्न सहयोग गर्ने ।

ख. मानव अधिकारका सम्वन्धमा वकालत गर्न सक्ने संस्थाका लक्षित वर्गको संख्यामा वृद्धि गर्ने

ग. अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरु विच प्रभावकारी समन्वय र सन्जाल मार्फत मानवअधिकारका लागि जनवकालत गर्ने ।

घ. संस्थाले समान उद्देश्य र लक्ष्य भएका, गै.स.स. स्थानिय निकाय र समुदायमा आधारीत समुहको क्षमता अभिवृद्धिका निम्ती सहजीकरण गर्ने ।

ङ. विभिन्न कारण (मानव निर्मित तथा प्राकृतिक जोखिमहरु) बाट जोखिममा परेका समुदायहरुको सामाजिक रुपान्तरणको लागि सामाजिक परिचालन मार्फत सहजीकरण गर्ने ।

## ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| नेपालमा कानूनी शासन सवलिकरण कार्यक्रम | सुरक्षा तथा न्याय प्रवर्द्धन मा जनतालाई सक्रिय वनाउँदै शान्ति सुरक्षास्थापनामा सहयोग पुऱ्याउनु । | • जिल्लाका ५ स्थानमा नागरिक संलग्नताका लागि सुरक्षा तथा न्याय प्रवर्द्धन सम्वन्धी अन्तर सम्वाद सम्पन्न । ४५० जनाको सहभागिता ।<br>• सुरक्षा सचेतना सम्वन्धी ४ वटा स्थानीय भाषामा २२ हजार ब्रोसर प्रकाशनमा समन्वय<br>• सुरक्षा तथा न्याय संजाल र | |

| | | | |
|---|---|---|---|
| | | युएसआईपी सँगको सहकार्यमा २ स्थानमा सुरक्षा सम्वन्धी सुचना पाटी राख्ने काम गरिएकको ।<br>● २१ वटा विद्यालयहरुसँगको सहभागितामा सुरक्षा सम्वन्धी कार्यशाला संचालन<br>● ४ वटा विद्यालयहरुमा दुर्व्यसन विरुद्ध अभियान । | |
| समुदाय सहयोग कार्यक्रम | समुदायमा विकासका लागि विभिन्न क्रियाकलाप मार्फत सहयोग गर्नु । | ● जिल्ला र समुदाय स्तरमा खोज तथा उद्धार सामग्री वितरण ।<br>● बेलाहारा र महाभारत गाविसलाई खुल्ला दिसामुक्त बनाउन सहजीकरण ।<br>● ९ वटा विद्यालयहरुमा ३६० जोर डेस्क वेंच सहयोग ।<br>● २ वटा शौचालय निर्माण सहयोग (विश्रान्ती मन्दिर र शहीद प्रा.वि.छिन्तांग)<br>● फंसुवा नदी नियन्त्रण सहयोग<br>● ५ वटा खानेपानी योजना मर्मतमा सहयोग ।<br>● १४३ परिवारलाई जीविकोपार्जन सहयोग | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. समुदाय स्तरमा गरिने हरेक क्रियाकलापहरुमा सार्वजनिक परीक्षण गरिएको ।

ख. संयुक्त अनुगमन प्रणालीलाई अवलम्बन गरिएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| सामाजिक परिचालन | • प्रकोपजन्य १२ र विपन्न वस्ती १० गरी जम्मा २२ वटा नागरिक सचेतना केन्द्र संचालन ।<br>• ७ गाविस र ३ वडाहरुमा वडाहरुमा वडा नागरिक मंच गठन र परिचालन । |
| गरिवी निवारण | • १४३ परिवारहरुलाई आय आर्जनका लागि जीविकोपार्जन योजना सहित सहयोग ।<br>• १६ जनालाई सीप विकास तालिमका लागि समन्वय गरिएको । |
| मानवअधिकार संरक्षण र सम्वर्द्धन तथा अनुगमन । | • मानवअधिकार संजालको २ वटा वैठक सम्पन्न ।<br>• अन्तर्राष्ट्रिय मानवअधिकार दिवस, महिला हिंसा विरुद्धको १६ दिने अभियानहरु संचालनमा सहभागिता । |
| सुरक्षा तथा न्याय प्रवर्द्धन | • ग्रामिण स्तरमा ४ वटा स्थानिय स्तरको सुरक्षा सम्वन्धि सम्वादहरु संचालन ।<br>• सुरक्षा सचेतना सम्वन्धी २२ हजार थान बुक्लेट ५ वटा भाषाहरु (नेपाली, लिम्बु, आठपहरीया, राई वान्तवा, तामांग भाषाहरु) मा प्रकाशन तथा नेपाल प्रहरीलाई हस्तान्तरण ।<br>• २ वटा होर्डिंग वोर्ड निर्माण तथा नेपाल प्रहरीलाई हस्तान्तरण गरिएको ।<br>• ५ वटा विद्यालयहरुमा सुरक्षा सचेतना । |
| प्रकोप व्यवस्थापन | • ५ गाविसमा गाविस स्तरीय प्रकोप व्यवस्थापन समितिहरु गठन, गाविस स्तरीय योजना निर्माण ।<br>• १२ वटा समुदाय स्तरमा समिति गठन तथा ती सबै समितिहरुले प्रकोप व्यवस्थापन सम्वन्धी योजना निर्माण गरेका ।<br>• समुदायस्तरमा प्रकोप व्यवस्थापनका लागि खोज तथा उद्धार सामग्री समुदाय स्तरमा हस्तान्तरण तथा अभ्यास<br>• प्रकोप मैत्री भवन तथा फर्निचर निर्माण ।<br>• प्रकोप जोखिम नक्सांकन, प्रकोपबाट जोगिने तरिकाहरुबारे समुदायमा होर्डिंग बोर्ड मार्फत प्रदर्शन । |
| सुशासन प्रवर्द्धन | • संचालित सबै योजनाहरुको समुदाय स्तरमा सार्वजनिक परीक्षण गरिएको ।<br>• पब्लिक अडिट प्रवर्द्धन गर्ने सूचनाहरु सार्वजनिक गरिएको । |

| | |
|---|---|
| | • गाविसहरुमा सार्वजनिक लेखा परीक्षक तयार गर्न तालिम । |
| खानेपानी तथा सरसफाई | • ४ वटा योजनाहरुको निर्माण तथा मर्मतमा सहयोग । २४८ परिवारमा खानेपानी आपूर्ती व्यवस्थापनमा सहयोग ।<br>• ७ गाविस र नपाका ३ वटा वडाहरुमा खुल्ला दिसामुक्त बनाउने अभियानमा सहजीकरण गरिएको । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. समन्वय र सहकार्यका कारण कहिले कहिले तोकिएको समयमा (परियोजनाहरुको निर्धारित समयभित्र) कार्यसम्पादन गर्न ढिलाई हुने ।

ख. सरसफाई कार्यक्रमलाई अघिबढाउन कठिनाई ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. अनुगमन प्रक्रियालाई अझ प्रभावकारी बनाउनुपर्ने ।

ख. सुशासन प्रवर्द्धनका लागि सार्वजनिक सुनुवाई प्रक्रियालाई अझ विस्तार गरिनुपर्ने ।

ग. सरसफाई अभियानलाई संयुक्त रुपमा अझ सशक्त बनाउनुपर्ने ।

## ७.१० सल्भ नेपाल, धनकुटा ६

**१. गैर सरकारी संस्था को नाम :** विकासका लागि स्थानिय स्वयंसेवकहरुको प्रयास (सल्भ नेपाल ) धनकुटा

**२. लक्ष्य**

नेपाली समुदायले न्यायपूर्ण समता एवं सक्षमताका साथ आ आफ्नो साधनको उपयोग द्वारा आधारभूत आवश्यकता पूरा गरेको हुनेछ ।

**३. मूख्य उद्देश्य**

क. गरिवी न्यूनिकरण गर्ने ।

ख. महिलाहरुको दिगो आथिएक विकास गरि जिवीकोपाजएनमा सहयोग गर्दै सशक्तिकरण गर्ने ।

ग. लघु वित्त र लघु उद्यम विकास गर्ने ।

घ. प्राकृतिक स्रोतको दिगो परिचालन र व्यवस्थापनमा सहयोग गर्ने ।

ङ. ग्रामिण खानेपानी तथा सरसफाई व्यवस्थापन गर्ने ।

**४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण**

| संचालित कार्यक्रम/ आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| शिप लघु वित्त कार्यक्रम | लघुवित्त विकास वैकमा परिणत गर्ने । १२ हजार महिलाहरुलाई प्रत्यक्ष सहयोग पुर्‍याउने । | • १२ हजार महिलाहरुलाई प्रत्यक्ष सहयोग पुऱ्याई १० हजार महिलाहरुलाई ऋण परिचालन गरिएको ।<br>• ४ वटा जिल्लामा लघुवित्त भएकोमा हाल संखुवासभा समेतमा गरी ५ वटा जिल्लाहरु -धनकुटा, तेह्रथुम, भोजपुर, संखुवासभा र पाँचथर) मा कार्यक्रमहरुलाई विस्तार गरिएको ।<br>• महिलाहरुलाई स्वरोजगार, आत्मा निर्मर र सशक्तीकरणमा सहयोग पुगेको | |
| बहुसरोकारवाला वन कार्यक्रम | १. सरकार र गैरसरकारी क्षेत्र -नागरिक समाज, गैसस, समुदाय र नीजि क्षेत्र) ले मिलेर वन क्षेत्रको समावेशी रणनीति, नीति र योजनाहरुको | • १५ वटा जोखिम गाविसहरुको ४० वटा सामुदायिक वनमा आय आर्जन, जलवायू परिवर्तनको असरले पारेको प्रभावलाई न्यूनीकरणमा सहयोग, सामुदायिक वनको सुशासन तथा लैंगिक समविकास सम्वन्धी सचेतना कार्य गरिएको ।<br>• वनमा आधारित उद्योग तथा | |

| | | | |
|---|---|---|---|
| | प्रभावकारी कार्यान्वयन गर्ने ।<br>२ नीजि क्षेत्र -किसान, उद्यमी र वित्तीय संस्था) ले वन क्षेत्रमा लगानी र रोजगार बढाउने ।<br>३ ग्रामिण समुदाय, खासगरी गरिव, पछाडि परेका र जलवायू परिवर्तनको जोखिममा भएका व्यक्ति तथा परिवारहरु स्थानीय वन व्यवस्थापन र अन्य लगानीबाट लाभान्वित हुनेछन् ।<br>४ सरकार, समुदाय र नीजि क्षेत्रले वन एवं रुख विरुवाको दिगो व्यवस्थापन र अनुगमन गर्दै जलवायू परिवर्तनको सामना गर्न सक्ने वहन क्षमता वृद्धि । | उद्यमीहरुको प्रवर्द्धन, उद्योगहरुको स्थापना, ।<br>• गरिव तथा जोखिममा परेका घरधुरीहरुका निम्ती आय आर्जन कार्यक्रम ।<br>• जलवायू परिवर्तनले पारेको असरलाई कमगर्ने क्रियाकलापहरु ।<br>**उपलब्धिहरु :**<br>• ३५० घरधुरीलाई आय आर्जन क्रियाकलापमा रु. १९७८ हजार सहयोग ।<br>• ४० वटा सामुदायिक वनहरुमा सुशासन तथा लैंगिक विकास सम्वन्धी सचेतना कार्यक्रम (१४०० भन्दा वढी सहभागी)<br>• ५० स्थानमा जलवायू परिवर्तनले पारेका असर न्यूनीकरण गर्ने क्रियाकलापमा सहयोग ।(१० लाख आर्थीक सहयोग, वनमा आधारित उद्योगहरु ७ वटाको स्थापना तथा प्रवर्द्धनमा सहयोग ।<br>• १७८ जोखिम र विपन्न घरधुरीलाई सोलार वितरण । | |
| वैकल्पिक उर्जा प्रवर्द्धन गर्ने | वन वातावरणमा सहयोग पुऱ्याउदै वैकल्पिक उर्जाको प्रवर्द्धन गर्ने । | • ११९५ वटा सुधारिएको चुल्हो निर्माण गरिएको । यसवाट वैकल्पिक उर्जा प्रवर्द्धनमा सहयोग पुगेको ।<br>• महिलाको स्वास्थ्यमा सहयोग पुगेको ।<br>• ३० गाविस हरुमा सुधारीएको चुलो निर्माण अभियान संचालनमा रहेको छ । | |
| महिला सशक्तिकरण तथा लैगिक विकास | महिलाहरुले उनीहरुको पहूँच वृद्धि गरी निर्णय प्रक्रियामा सहभागी भएको हुनेछन् | • ८ वटा जिल्लाको ९ वटा संस्थाहरु वीच पूर्वाञ्चल स्तरीय घरेलु हिंसा विरुद्धको संजाल गठन भएको ।<br>• घरेलु हिंसा विरुद्धका मुद्धाहरुलाई कम गर्न सचेतनामूलक कार्य गरिरहेको ।<br>• महिलाहरुको नेतृत्व विकासमा सहयोग । | (मार्च सम्म संचालित) |

| | | | |
|---|---|---|---|
| | | • महिलाहरुको आन्तरिक संजाल तथा शाखागत समन्वय समिति गठन भै घरेलु तथा महिला हिंसाको क्षेत्रमा स्थानीय स्तरमा परिचालन ।<br>• आन्तरिक संजाल तथा शाखागत समन्वय समितिको माध्यमबाट स्थानीय स्तरमा लैंगिक बजेटको परिचालनमा सहयोग ।<br>• ३६० वटा सा.व.उ.स.का समितिहरुमा लैगिक समानता सम्बन्धि अभ्यासको शुरुवात<br>• आन्तरिक संजाल तथा शाखागत समन्वय समितिकाका सदस्यहरु मार्फत स्थानीय स्तरमा नै महिला तथा घरेलु हिंसाका घटनाहरु न्यूनीकरणका लागि मनोसामाजिक परामर्शको शुरुवात । | |

५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. अघिल्लो वर्षका नीतिहरुलाई निरन्तरता दिइएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| गरिवी निवारण | • धनकुटा जिल्लाका ३५० घरधुरीलाई आय आर्जन क्रियाकलापमा रु. १९७८ हजार सहयोग गरिएको छ ।<br>• ५ वटा जिल्लाका १० हजार परिवारमा ऋण परिचालन गरिएको । |
| वन वातावरण | • सुधारिएको चुल्हो मार्फन वन पैदावरमा कमी आएको ।<br>• नियमित दाउरा खपतमा कमी आएको ।<br>• १७८ परिवारमा सोलार वितरण र प्रयोग । ( |
| सरसफाई | • पाँचवटा गाविसहरु (घोर्लीखर्क, हात्तिखर्क, आंखिसल्ला, मुढेबास र कुरुले तेनुपामा सामाजिक परिचालन गरिएको ।<br>• मुढेबास र घोर्लीखर्क गाविसहरु खुल्ला दिसामुक्त घोषणा हुन सफल भएका । |

| | |
|---|---|
| | • ११९२ घरधुरीहरु लाभान्वित । |
| महिला सशक्तिकरण | • वचत समूह परिचालन<br>• महिला नेतृत्व क्षमतामा विकास<br>• हिंसा विरुद्ध सचेत हुने ।<br>• अधिकारका लागि आवाज उठाउन सक्ष मबनेका ।<br>• लैंगिक सम्वेदनशीलताको प्रवर्द्धन । |
| वैकल्पीक उर्जा<br>सुधारिएको चुलो समेत | • ११९५ सुधारिएको चुल्हो निर्माण भएको<br>• १७८ परिवारमा सोलार वितरण |
| रोजगारी सिर्जना -यस वर्ष थप भएका) | • उद्यम विकास तालिम<br>• ७ वटा उद्योगहरुको स्थापना तथा प्रवर्द्धन । (१८ जनाहरुले प्रत्यक्ष रुपमा काम गर्ने वातावरण बनेको छ । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू:

क. समुदायले विश्वास गरी सवै पक्षको माग गर्ने गरेको र समुदायको मागलाई आवश्कता अनुसार संवोधन गर्न नसक्नु ।

ख. छोटो समयमा कतिपय परियोजनाहरु पुरा हुने हुदा निरन्तर दिगो विकास र प्रभावकारीतामा कम योगदान पुगेको ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. कार्यक्रमको विषय र क्षेत्र निर्धारण गरी कार्यक्रमलाई एकिकृत रुपमा संचालन गर्न सम्वन्धित संस्थाहरुवीच समन्वय कायम गर्नु पर्ने ।

ख. कार्यक्षेत्र र अनुभवका आधारमा कार्यक्रम कार्यान्वयन गर्न दिनु पर्ने ।

## ७.११ पर्डेप नेपाल

१. **गैर सरकारी संस्था को नाम :** गरिवी निवारण तथा ग्रामिण विकास कार्यक्रम (पर्डेप नेपाल) धनकुटा

२ **संस्थाको लक्ष्य :**

गरीव सुविधा विहिन तथा महिलाहरुको शसक्तिकरण गर्नु ।

३ **संस्थाको उद्देश्य**

- मानव जीवनलाई सार्थक वनाउन रचनात्मकपूर्ण कार्य गर्न समुदायलाई प्रोत्साहित गर्ने ।
- जोखिममा परेका विपन्न वर्गका समुदायलाई आवश्यक सहयोग तथा सेवाहरुको लागि विभिन्न विकास निर्माणका कार्यहरु संचालन गर्ने ।
- युवा, वालवालिका, महिला, दलित र वृद्ध वर्गहरुमा सामूहिक तथा पारस्परिक सहयोगको भावना विकास गरी उनीहरुको शारीरिक तथा मानसिक विकास गर्न रचनात्मक क्रियाकलाप तथा तालिम, गोष्ठी, सचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
- समाजमा रहेको अन्ध विश्वास, विकृति तथा कु-संस्कारहरुलाई जनचेतनामूलक तथा जनजागरण शिक्षाका कार्यक्रमहरु संचालन गर्ने ।
- सामाजिक परिवर्तनकालागि लक्षित समुदायलाई विकासको मूलप्रवाहमा समाहित गरी स्वावलम्वी तथा दिगो आयआर्जन तर्फ उन्मूख गर्न तालिम गोष्ठी लगायत आवश्यक्ता अनुसार विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।
- सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसंग समन्वय तथा साझेदारी गर्दै पिछिडिएका वर्गहरुको जिवनस्तर उकास्ने खालका कार्यक्रमहरुको संचालन गर्ने ।
- ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रमलाई दीगो र सर्वसुलभ गराउन प्रयत्न गर्ने ।
- सुशासन प्रवद्धनका लागि स्थानीय स्तरमा सहयोग गर्ने ।
- आय आर्जनको माध्यामबाट गरीवि न्यूनिकरण गर्ने ।
- कृषिमा ब्यवसायिकरण गर्ने ।

### ४. गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| संचालित कार्यक्रम / आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| दोश्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना | सशक्तिकरण गर्ने | २८८९ घरधुरीलाई सचेतना कार्यक्रम गरिएको । | |
| युवा साझेदारी कार्यक्रम | युवा परिचालन गर्ने । | २ स्थानमा च्याउ खेती तालिम संचालन गरिएको । | |

| | | | |
|---|---|---|---|
| खुला दिशा मुक्त गाविस घोषणा गर्ने सम्वन्धमा सचेतना कार्यक्रम | गाविसहरुलाई खुल्ला दिसामुक्त घोषणा गर्न सहयोग गर्नु । | भेडेटार, बुढीमोरंग गाविसहरु खुल्ला दिसामुक्त घोषणा भएका । | |
| झोलुंगेपुल क्षेत्रगत कार्यक्रम | पुल निर्माण | ३ वटा पुल निर्माण भएको । | |

## ५. सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू

क. समिक्षा, अनुगमन र पृष्ठपोषण लिने गरिएको ।

## ६. सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता :

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **सूचक सहितको कामको विवरण** |
|---|---|
| स्वच्छ खानेपानी तथा सरसफाइको उपलब्धता | खानेपानी योजना संचालन गरी च्वच्छ खानेपानीको व्यवस्था गरिएको छ ।<br>२ वटा गाविसहरु खुल्लादिसामुक्त घोषणा भएका । |
| सामाजिक परिचालन | दोस्रो साना सहरी खानेपानी योजनामा सामाजिक परिचालनको माध्यमबाट जनचेतना फैलाउने कार्य भएको छ । |
| स्वरोजगारका प्रयास | २ वटा स्थानमा च्याउ खेती तालिम संचालन भई ..... जनाले च्याउ उत्पादन तथा वजारीकरण सम्वन्धी  सीप हासिल गरेका छन् । |
| वातावरण सुधारका प्रयास | जलवायू परिवर्तन सम्वन्धी अभिमुखिकरण कार्यक्रम गरी सचेतना फैलाउने काम भएको छ । |

## ७. आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

क. जनताको वास्तविक समस्यामा काम गर्न कठिनाई भएको छ ।
ख. जनचेतनाको कमी ।

## ८. भावी कार्यक्रम संचालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

क. जनताको योजनामा काम गर्नुपर्ने ।

## ८ सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु

सामाजिक दायित्व निर्वाह गर्नेकाम स्थानीय निकायले कति गरिरहेको छ भन्ने लेखाजोखा सामाजिक परीक्षणले गरेको छ । परीक्षणको क्रममा देखिएका सवलपक्षहरु निम्नअनुसार उल्लेख गर्न सकिन्छ ।

- अघिल्लो वर्षको तुलनामा यो वर्ष केही सामाजिक सूचकहरु (स्वास्थ्य, शिक्षा, वाल स्वास्थ्य, प्रजनन् स्वास्थ्य, गरिवी निवारण, विकासमा महिला सहभागिता, महिला हिंसा विरुद्धका गतिविधिहरु, सामाजिक परिचालन, रोजगारी वृद्धि लगायत) मा उपलब्धी देखिएकोछ ।
- सेवा प्रदान गर्ने कार्यालयहरुले सामाजिक समावेशीकरण तथा लैंगिक अवधारणा अनुरुप खण्डिकृत तथ्यांकलाई व्यवस्थित गर्ने प्रयत्न गरेका छन् ।
- भौतिक पूर्वाधार निर्माणहरुले लक्षित समूहको सामाजिक विकासको क्षेत्रमा लक्षित समूह प्रति केन्द्रित हुँदै सचेतना निर्माण, स्वरोजगार सिर्जना तथा रोजगारी सिर्जना हुने वातावरण निर्माण गर्न खोजेका छन् र सिर्जीत रोजगारीको अभिलेख समेत व्यवस्थित गरेका छन् ।
- विषयगत कार्यालयहरु र गैससहरुले समेत यथासक्य सामाजिक विकासमा जोड दिएका छन् । सामाजिक विकास शाखाको गठन र परिचालन गर्नु, शाखालाई भौतिक सम्पन्न बनाउनु र सामाजिक विकासका लागि समन्वयकारी भूमिका खेल्नु सामाजिक विकास प्रति उत्तरदायी भएका संकेतहरु हुन् । जसलाई जिविसले निरन्तरता दिएकोछ ।
- जिल्ला विकास समितिको कार्यालयले लक्षित समूह तथा क्षेत्र विकासका कार्यहरुलाई सोही वर्ग तथा समन्वय समितिको सिफारिसमा परिचालित गरेको देखिन्छ । आदिवासी तथा जनजाती विकास समन्वय समिति, दलित वर्ग समन्वय समिती र महिला समन्वय समितिहरुले लक्षित क्षेत्रका लागि विनियोजित बजेटको कार्यान्वयनमा निर्णायक भूमिका खेलेका छन् । प्राप्त बजेटहरुको कार्यान्वयन समन्वय समितिहरुको निर्णयमा खर्च भएको देखिन्छ ।
- जिल्लामा क्रियाशिल राजनीतिक दलहरु, विषयगत कार्यालयहरु र नागरिक संगठनहरुबीच जिविसको पहलमा सहकार्य र समन्वय भएको देखिएको छ ।
- जिविसको कार्यालयले संस्थागत क्षमता विकासलाई जोड दिएको देखिन्छ । जसका लागि कर्मचारी, दलका प्रतिनिधिहरु, सामाजिक परिचालक, गाविसहरुलाई यथासक्य तालिम, अध्ययन अवलोकन भ्रमण गराएको छ ।
- जिल्ला विकास समितिले सहभागी तथा समावेशी योजना तर्जुमा प्रकृयालाई अवलम्बन गरेको छ ।
- जिल्ला विकास समितिले शिक्षा, स्वास्थ्य, महिला विकास, खानेपानी तथा सरसफाई र जिल्लामा कार्यरत विकास साझेदारहरुसँग समन्वयकारी भूमिका खेल्न संयोजकको भूमिका निर्वाह गरिरहेको छ ।
- जिविसको कार्यालय मार्फत सामाजिक विकासका लागि खुल्ला दिसामुक्त अभियान, पूर्ण खोप सुनिश्चित भएका गाविस, पूर्ण साक्षर गाविस घोषणा गर्ने कार्यमा संयोजनकारी भूमिका निर्वाह भएको देखिन्छ ।
- सामाजिक विकास कार्यमा नागरिक संगठनहरुको भूमिका समेत उल्लेख्य देखिएको छ । खानेपानी तथा सरसफाई, खुल्ला दिसामुक्त अभियान, महिला हिंसा विरुद्धका अभियानहरु र सुधारिएको चुलो निर्माण, विकासमा महिला सहभागिता अभिवृद्धिका लागि ती संस्थाहरुको भूमिका प्रभावकारी देखिएकोछ ।
- सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन जानकारी गराउने र सुझाव लिने कार्यले सरोकारवालाहरुको सामाजिक उपलब्धि तर्फ विकास निर्माणका कार्यहरुले अनिवार्य योगदान गर्नुपर्नेमा थप सुझाव प्राप्त भएको छ ।

## ९ सामाजिक परीक्षणवाट देखिएका चुनौती तथा कमि कमजोरीहरु

सामाजिक विकासका लागि जिविसको कार्यालयले जिल्लामा नं संयोजनकारी भूमिका निर्वाह गरिरहेको छ । सामाजिक विकास शाखाको गठन, लैंगिक तथा सामाजिक समावेशी कार्यान्वयन समिति, क्षमता विकास योजना निर्माण र कार्यान्वयन गर्नु सामाजिक विकास प्रति उत्तरदायी भएका संकेतहरु हुन् । जिविसले जिल्लाको समग्र सामाजिक विकासको समन्वय गर्नुपर्ने दायित्व पनि हो यसर्थ सामाजिक परीक्षणबाट स्थानीय निकायमा देखिएका चुनौतीहरु निम्नअनुसार रहेका छन् ।

- विषयगत कार्यालयहरुमा सामाजिक परीक्षण सम्वन्धमा प्रष्टता आइरहेको अवस्था देखिंदैन । जसका कारण सामाजिक जिम्मेवारीको क्षेत्र र ती क्षेत्रसँग सम्वन्धित सूचकहरुमा विषयगत स्पष्टतामा अझै पर्याप्तता देखिएको छैन ।
- भौतिक पूर्वाधार निर्माण कार्यबाट सामाजिक लक्ष्य पुरा भए नभएको अभिलेख राख्न अझै पनि सबै निकायले सकिरहेको अवस्था छैन । गत वर्षको यो अवस्थामा अझै उल्लेख्य प्रगति हुन सकिरहेको देखिंदैन ।
- सामाजिक परीक्षण निर्देशिकाले तय गरेका न्यूनतम् सूचकहरुको आधारमा विषयगत कार्यालयहरुले सूचना अद्यावधिक गर्न सकेको देखिंदैन । विद्यालयमा वालवालिकाको पहुँच, स्वास्थ्य सेवामा कति घरधुरीको पहुँच रहेको छ भन्ने जस्ता सूचकहरुको यकिन तथ्यांक पाउन कठिनाइ रहेको छ ।
- सामाजिक विकासको दृष्टिले पिछडिएको क्षेत्रमा भएको लगानीको प्रभावकारीता अनुगमन गर्न आवश्यक छ ।
- भौतिक पूर्वाधार निर्माणले आर्थीक विकासका साथ साथै सामाजिक पहुँच गम्यता, सेवाहरुमा पहुँच वढाउने कार्य, समावेशीकरण, विकासको समान सहभागिता जस्ता सामाजिक विकास सूचकहरु समेतको प्राप्तीमा जोड दिनु पर्दछ ।
- जिल्लामा प्रयोग हुने तथ्यांकमा एकरुपता आउन आवश्यक छ । जिल्लामा कार्यालयगत रुपमा बनाइएका प्रोफाइलहरु र राष्ट्रिय जनगणनाको तथ्यांकमा फरक देखिने गर्दछ । जसका कारण उपलब्धि मापन कार्य कार्यालयअनुसार भिन्न भिन्न आधारमा हुने गरेको देखिन्छ ।
- विद्यमान स्रोत, साधनबाट प्राप्त उपलब्धीको दिगोपनाको सुनिश्चितता र प्राप्त सबै प्राकृतिक स्रोतहरुलाई विकास प्रवाहसँग जोड्न सकिएको छैन ।
- प्रकोप जोखिम न्यूनीकरण तर्फ समेत सामाजिक लेखाजोखाका सूचकहरु बन्नु पर्दछ ।
- सामाजिक सूचकहरु कतिपय स्थानमा दोहोरिने हुँदा समय सापेक्ष सूचकहरुमा परिमार्जन गर्न आवश्यक देखिन्छ ।

## १० सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरुका लागि केही सुझावहरु प्रस्तुत गरिएको छ । केही सुझावहरु गतवर्षको निरन्तरताको रुपमा रहेका छन् ।

- स्थानीय निकायले सामाजिक परीक्षणमा देखिएका कमजोर सूचकहरुको वृद्धिका लागि नेतृत्व दायी भूमिका निर्वाह गर्नुपर्दछ ।

- सामाजिक उपलब्धि हासिल गर्न तर्फ विकास गतिविधिहरु लक्षित गर्नुपर्दछ । सामाजिक सूचकहरुले जिल्लाको स्थिति परिवर्तनमा सहयोगी भूमिका निर्वाह गर्दछ । विकास गतिविधिहरुले जस्तै : विद्यालयमा पहुँच नभएका बालवालिकाहरुका पहुँच सुनिश्चित गराउने । उत्तिर्ण प्रतिशतलाई १०० प्रतिशत बनाउन प्रयत्न गराइनु पर्दछ । कक्षा दोहोर्‍याउने दर घटाउनेकार्यमा शिक्षा कार्यालयका साथ साथै अन्य कार्यालयका गतिविधिहरुले समेत सहयोग वातावरण सिर्जना गर्नुपर्दछ ।

- खानेपानी तथा सरसफाई प्रवर्द्धनका लागि शौचालय सुविधा नभएका विद्यालयहरुमा खानेपानी आपूर्ति तथा शौचालय निर्माण तथा व्यवस्थापनमा जोड दिने तर्फ लगानी प्रवर्द्धन गर्नुपर्दछ । अघिल्लो वर्षबाट विद्यालयमा खानेपानी आपूर्तीमा खासै फरक आएको अवस्था देखिंदैन ।

- जिल्ला विकास समिति अन्तर्गत हुने सबै कार्यालयहरुले प्रयोग गर्ने आधारभूत तथ्यांकमा एकरुपता ल्याई सामाजिक विकास उपलब्धि मापन गरिनु पर्दछ । जस्तै : घरधुरी संख्या, समग्र जनसंख्या, ५ वर्ष मुनीका वालवालिकाको संख्या आदि । जिविसले यसका लागि डाटाबेस प्रणाली विकसित गराउन सक्दछ ।

- सामाजिक विकास सूचकहरुको बारेमा सरोकारवाला निकायहरुलाई प्रष्ट पार्नु पर्दछ र वार्षिक समिक्षा वैठकहरुमा सामाजिक विकास सूचकहरुलाई समेत उल्लेख गर्नु पर्दछ ।
- भौतिक पूर्वाधार निर्माण, वन तथा वातावरण प्रवर्द्धन, बाट हुने सामाजिक नतिजाको लेखाजोखा र समग्र सूचना व्यवस्थापन हुने परिपाटी विकास गर्नुपर्दछ ।
- जिल्लाको कुनै पनि विकास कार्यबाट भएका सामाजिक प्रतिफलको प्रभाव मूल्यांकन समेत गर्नुपर्दछ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा, विद्यालय र सेवा केन्द्रसम्म जनसमुदायको पहुँच अभिवृद्धि गर्ने तर्फ केन्द्रित हुनु पर्दछ । जसले गर्दा जनसमुदायको स्वास्थ्य केन्द्र, विद्यालय, अन्य सेवा केन्द्र र बजार तर्फ पुग्न छिटो र सजिलो हुन सकोस् ।

- लक्षित वर्ग केन्द्रित बजेटको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन तथा सुपरीवेक्षण गर्न अपरिहार्य रहेको छ । साथै लक्षित क्षेत्रमा गाविस स्तरमा भए गरेका उपलब्धीहरुको समेत लेखाजोखाको समष्टीगत प्रतिवेदनहरु तयार गर्नु पर्दछ ।
- गाविस स्तरबाट समेत लक्षित वर्गका लागि भए गरेका कार्यहरुको सामाजिक उत्तरदायित्व निर्वाह गरे नगरेको आधारमा प्रगति विवरण लिने व्यवस्था गर्नुपर्दछ ।
- उपभोक्ता समितिहरुलाई समेत सामाजिक उपलब्धिका विषयहरु समेटेर अभिमुखिकरण गर्ने कार्य गरिनुपर्दछ ।
- भौतिक पूर्वाधार निर्माणका कार्यहरु जस्तै सडक निर्माण गर्दा समेत अन्य वातावरणीय असरहरु प्रति सचेत गराइनु पर्दछ । पानीका मुहान जोगाउने र संरक्षण गर्ने गरिनुपर्दछ ।
- लक्षित समूह विकासका गतिविधिहरुलाई विपन्न समुदायमा पुग्ने गरि वितरण गरिनु पर्दछ । उक्त गतिविधिहरुले लक्षित समूहको जीवीकोपार्जनमा टेवा पुग्ने, नेतृत्व क्षमता वढ्ने तथा सरकारी तथा गैरसरकारी क्षेत्रमा पहुँच वढेको हुनुपर्दछ । जनचेतनाको क्षेत्रको लगानी भन्दा ठोस नतिजा देखिने कार्यमा लगानी बढाउन उपयुक्त हुन्छ ।
- सामाजिक परीक्षणकार्यलाई गाविस स्तरमा समेत अभ्यास गरिनु पर्दछ ।
- सामाजिक परीक्षणका सूचकहरुलाई वृद्धि गरिनुपर्दछ । सामाजिक सूचकहरुलाई अझ परिमार्जीत र विशिष्टीकृत गरिनु पर्दछ । सामाजिक परीक्षण निर्देशिकामा उल्लेखित सूचकहरुलाई शिर्षकगत रुपमा वर्गीकरण गर्न उपयुक्त हुनेछ । जस्तैः स्वास्थ्य सम्वन्धी सूचकहरुलाई एक ठाउँमा मात्र, वालवालिकाका लागि अलग्गै सूचक, महिलाहरुका लागि अलग्गै सूचकको व्यवस्था गर्न अझ उपयुक्त हुनेछ ।
- सामाजिक परीक्षण निर्देशिकामा उल्लेख भएका वातावरण सम्वन्धी सूचक तथा विपद् व्यवस्थापन सम्वन्धी सूचकहरु थप गर्न आवश्यक देखिन्छ ।
- सामाजिक परीक्षण कार्यलाई निरन्तरता दिनु पर्दछ र यो प्रकृयालाई विषयगत कार्यालयहरु गाविसस्तरमा समेत अभ्यास गर्नुपर्दछ ।

## सामाजिक परीक्षक

विदुर सुवेदी
धनकुटा ७, हुलाकटोल
सम्पर्क नं. : ९८५२०६०७९७
इमेल : subedibg@gmail.com
सम्पर्क : हुसाडेक नेपाल, धनकुटा ७, डाँडागाउँ
मिति : २०७१ कार्तिक २४ गते ।

**सन्दर्भ पुस्तक तथा सामग्रीहरु :**


- वार्षिक प्रगति समिक्षा प्रतिवेदन आ.व. २०७०/७१, जिविसको कार्यालय, धनकुटा
- सरकारी कार्यालयहरुको वार्षिक समिक्षा प्रतिवेदन आ.व. २०७०/७१, जिविसको कार्यालय,
- सामाजिक परीक्षण प्रतिवेदन २०७०, जिविसको कार्यालय, धनकुटा ।
- स्थानीय स्वायत्त शासन ऐन २०५५
- स्थानीय स्वायत्त शासन नियमावली २०५६
- स्थानीय निकाय स्रोत परीचालन तथा व्यवस्थापन निर्देशिका २०६९
- दलित वर्ग उत्थान जिल्ला समन्वय समितिको कार्यक्रम सञ्चालन निर्देशिका २०६५, उपेक्षित, उत्पीडित र दलितवर्ग उत्थान विकास समिति, नेपाल सरकार, स्थानीय विकास मन्त्रालय ।
- आदिवासी, जनजाति जिल्ला समन्वय समिति गठन गर्ने सम्वन्धी निर्देशिका
- जिल्ला परिषदका निर्णयहरु (आर्थिक वर्ष २०६९-७० र २०७०-७१)
- जिल्ला वालपार्श्व चित्र २०७०, धनकुटा
- जिल्ला पार्श्वचित्र, धनकुटा
- जिल्ला विकास योजना २०६९/७०
- जिल्ला विकास योजना २०७०/७१
- स्थिति प्रतिबेदन २०७०/७१, जिल्ला शिक्षा कार्यालय, धनकुटा
- जिल्ला स्वास्थ्य प्रतिवेदन २०७०/७१, जिल्ला स्वास्थ्य कार्यालय, धनकुटा
- वार्षिक प्रगति विवरण पुस्तिका २०७०/७१, महिला तथा बालबालिका कार्यालय, धनकुटा
- सामाजिक सुरक्षा भत्ता पाउनेहरुको विवरण पुस्तिका, जिविसको कार्यालय, धनकुटा ।